# अध्याय एक
# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

उच्चारण भनेको बोलीसँग सम्बन्धित कुरा हो । बोली मानव मुखका विभिन्न उच्चार्य अवयवद्वारा ध्वन्यात्मक रूपमा प्रकट हुन्छ । भाषाअनुसार ध्वनि उच्चारहरू फरक फरक हुन सक्दछन् । सही र शुद्ध उच्चारण भए मात्र भाषाको सही अभिव्यक्ति तयार हुन्छ र सबैका निमित ग्राह्य र सम्प्रेष्य हुन्छ । मौखिक भाषाको प्रयोग उच्चारण स्पष्ट र शुद्ध भएपछि मात्र पूर्ण हुन्छ । उच्चारणलाई विभिन्न भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को आधारशीलाको रूपमा लिइन्छ । शब्दको शुद्ध उच्चारण गर्न नसक्ने मानिसले शुद्धसँग बोल्न, सस्वर पढ्न र शुद्धसँग लेख्न पनि सक्दैन । यसरी भाषाको शुद्ध र शिष्ट प्रयोगका लागि उच्चारण शिक्षण अत्यावश्यक छ ।

उच्चारण व्यक्तिले बोल्ने कथ्य भाषासँग सम्बन्धित विषयवस्तु हो । बोली मानव मुखका विभिन्न उच्चार्य अवयवद्वारा ध्वन्यात्मक रूपमा प्रकट हुन्छ । भाषाअनुसार ध्वनि उच्चारणहरू फरक फरक हुन सक्छन् । सही र शुद्ध उच्चारण भएमा मात्र भाषाको सही अभिव्यक्ति तयार हुन्छ र सबैका निम्ति ग्राह्य र सम्प्रेष्य हुन्छ । भाषाको कथ्य रूप वा बोलाइ स्तरीय र शुद्ध बनाउन उच्चारण अभ्यासको आवश्यकता पर्दछ । नेपाली भाषाका वर्ण, अक्षर, शब्द, पद र पदावलीहरूलाई प्रस्टसँग अभिव्यक्त गर्नु नै उच्चारण हो । अक्षर फुटाएर पढ्नु नै उच्चारण गर्नु हो । उच्चारण भाषाको पढाइ सिपसँग रहन्छ । यसरी मौखिक भाषाको प्रयोग उच्चारण स्पष्ट र शुद्ध भएपछि मात्र पूर्ण मानिन्छ ।

हरेक भाषिक सिपसँग उच्चारणको सहसम्बन्ध गाँसिएको हुन्छ । जस्तो बोल्यो त्यस्तै सुनिने जस्तो सुनियो त्यस्तै धारणा गरिने जस्तो उच्चारण धारणा बनाई त्यस्तै उच्चारण गरी बोलिने अर्थात त्यस्तै उच्चारण गरी पढ्ने अनि जस्तो पढ्यो सुन्यो त्यस्तै लेखिने जस्ता विशेषताहरू उच्चारणकै आधारभूत प्रभाव हुन् (पौडेल, २०७० : ८७) । दैनिक व्यवहारमा कथ्य भाषाकै बढी प्रयोग हुने हुनाले मौखिक अभिव्यक्तिगत मानक कायम गरेर शुद्ध एवम् एकरूपतापूर्ण भाषिक व्यवहार गर्नु अपरिहार्य हुन्छ । लेख्य अभिव्यक्ति पनि कथ्य अभिव्यक्तिकै प्रतिरूप भएकाले त्यसलाई पनि सुनिश्चित गोरेटोमा हिडाउन उच्चारणले

महत्त्वपूर्ण भूमिका खेल्दछ । खासगरी नेपाली भाषाको स्तरीय, मानक, सम्प्रेष्य र परिष्कृत रूपको विकास गराउने कम उच्चारणले गराउँदछ ।

## १.२ समस्याकथन

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्दछन् र उपयोग पनि समाजमा नै गर्दछन्, भाषा आर्जन भनेको भाषाका बारेमा जान्नु मात्र नभई भाषिक सिपका बारेमा पनि जान्नु हो । भाषा मानव जीवनको महत्त्वपूर्ण पक्ष हो । भाषा जीवित हुन्छ र समयकाल परिस्थितिअनुसार परिवर्तन हुँदै जान्छ, भाषाले नै मानव संस्कृति, धर्म भेषभूषा, परम्परा र जनभावना आदि राष्ट्रिय विषयलाई समेट्न सक्दछ, भाषा व्यक्त गर्ने माध्यम कथ्य र लेख्य भएपनि मूलतः अभिव्यक्तिको प्रारम्भिक माध्यम बोलाइ नै हो । भाषाका आ-आफ्नै व्यवस्था हुन्छन र यही व्यवस्थाअनुसार उच्चारण स्पष्ट र शुद्ध हुनु पर्दछ ।

मातृभाषामा प्राथमिक शिक्षा दिने नीति भएता पनि सरकारले पूर्णत यो नीति कार्यान्वयन गर्न सकेको छैन, तसर्थ विद्यार्थीहरू प्राथमिक तहबाटै नेपाली भाषा लिन बाध्य भएका छन् । उनीहरू आफ्नो भाषामा अभ्यस्त भइसक्ने हुनाले उनीहरूको नेपाली उच्चारणमा मातृभाषाको प्रभाव पर्न गई नेपाली उच्चारण क्षमतामा ह्रास आउने र विभिन्न गल्तीहरू देखा पर्दछन् । त्यस्तैगरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूमा छात्र एवम् छात्रामा समेत उच्चारणगत क्षमतामा भिन्नता आदि जस्ता विषय नै यस अध्यनको समस्याका रूपमा रहेका छन् । प्रस्तुत अध्ययनलाई निम्नलिखित समस्यामा केन्द्रित बनाइएको छ :

(क) दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता के कस्तो रहेको छ ?

(ख) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको उच्चारण क्षमता के कस्तो छ ?

(ग) लैङ्गिक आधारमा उक्त विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको तुलनानत्मक स्थिति के कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार छन् :

(क) दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता पत्ता लगाउनु,

(ख) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको उच्चारण क्षमताको तुलना गर्नु,

(ग) लैङ्गिक आधारमा उक्त विद्यार्थीहरूको उच्चारण क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

नेपाली भाषा नेपालको राष्ट्रभाषा भए तापनि सम्पूर्ण नेपालीहरूको मातृभाषाका रूपमा स्थापित हुन सकेको छैन । विभिन्न जाति, समुदायका मातृभाषामध्ये नेपाली भाषाका, व्यवहारिक, सामाजिक, सांस्कृतिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भूमिका उच्च एवम् प्रभावशाली रहेको हुँदा नेपाली भाषालाई स्तरीयता प्रदान गर्न उच्चारण क्षमतालाई पनि जोड दिनु आवश्यक देखिन्छ, जसका लागि उच्चारण क्षमता वृद्धि गर्नु सान्दर्भिक हुन्छ ।

भाषा शिक्षणमा उच्चारणको महत्त्वपूर्ण स्थान छ, भाषाको सुरुवात नै मौखिक र कथ्य रूपमा हुने हुनाले बोलाइ र उच्चारणमा शुद्धता भएपछि मात्र यसको प्रयोगमा पूर्णता भएको मानिन्छ । शुद्ध उच्चारणले नै शिक्षित र पठित व्यक्तिको पहिचान गर्दछ, शुद्ध उच्चारणका लागि त्यसको शुद्ध रूप थाहा पाउन आवश्यक हुन्छ, भाषा परिवारका दृष्टिले हेर्दा भारोपेली भाषा परिवारका भन्दा भोटबर्मेली परिवारका भाषाहरूमा नेपाली शब्द उच्चारणमा त्रुटिहरू अत्याधिक देखिने गर्दछन्, त्यसै सन्दर्भमा दार्चुलेली भाषा नेपालमा बोलिने विभिन्न भाषाहरूमध्ये नेपाली बहुजातीय र बहुभाषिक राष्ट्र भएकै कारण नेपाली भाषामा पहिलो भाषाको प्रभाव परेझैं दार्चुलेली भाषी विद्यार्थीहरूलाई पनि नेपाली भाषा उच्चारण गर्न कठिन परेको देखिन्छ । विद्यार्थीहरूलाई स्तरीय वा मानक उच्चारणमा अभ्यस्त गराइ त्यसबाट कथ्य अभिव्यक्तिका साथै लेख्य अभिव्यक्तिमा समेत सुधार गर्न उच्चारणको ठूलो महत्त्व रहेको देखिन्छ । स्पष्ट उच्चारणले सुनाइ र पढाइलाई स्पष्ट बनाउनका साथै विभिन्न नकारात्मक उच्चारण सम्बन्धी (नक्कल पारेर बोल्नु जिब्रो चपाएर बोल्नु, भकभकाएर बोल्नु, लठेब्रो बोल्नु) निराकरण गर्नुको साथै शुद्ध स्पष्ट नेपाली भाषा

उच्चारणलाई एक महत्त्वपूर्ण र अपरिहार्य कार्य मानिन्छ, अशुद्ध उच्चारणले सुनाइबाट अनुकरण गरिएको बोलीमात्र अशुद्ध नभइ पढाइ, लेखाइ समेत अशुद्ध हुने गर्दछन्, त्यसैले आवश्यकताअनुसार तल्ला कक्षादेखि माथिल्ला कक्षासम्म दोसो भाषी विद्यार्थीहरूलाई नेपाली भाषा उच्चारण क्षमता बढाउन सहयोग पुग्ने हुँदा यस किसिमको अध्ययन उपयोगी पूर्ण रहेको छ । यस अध्ययनको सान्दर्भिकता र उपयोगितालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

(क) विद्यार्थीहरूको उच्चारणगत क्षमता पहिचान गर्नका लागि प्रस्तुत अध्ययनले सहयोग पुऱ्याएको छ ।

(ख) सम्बन्धित कक्षाका विद्यार्थीहरूको उच्चारण क्षमता पहिचान गर्नका लागि प्रस्तुत अध्ययनले सहयोग पुऱ्याएको छ ।

(ग) भाषालाई मानक शुद्ध स्तरीय बनाउनका लागि यो अध्ययन सामग्री सहयोगी भएको छ ।

(घ) लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारणगत क्षमताको भिन्नता सम्बन्धी जानकारी लिन आधार सामग्री बनेको छ ।

(ङ) विद्यार्थीहरूको वास्तविक उच्चारणगत क्षमता थाहा पाई सरोकारवालाहरूलाई उच्चारण क्षमता अभिवृतिका लागि योजना र कार्यक्रम निर्माण गर्न सहयोगी हुनेछ ।

(च) भावी अध्ययनका निम्ति आधारभूत जानकारी प्रदान गर्न सहयोगी बनेको छ ।

(छ) पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखन एवम् जिज्ञासुहरूका लागि यो अध्ययन सहयोगी हुनेछ ।

(ज) विद्यार्थीहरूको वास्तविक उच्चारणगत क्षमता थाहा पाई सरोकारवालालाई उच्चारण क्षमता अभिवृद्धिका लागि योजना र कार्यक्रम निर्माण गर्न सहयोग पुग्ने छ ।

## १.५ अध्ययनको परिसीमा

अध्ययनको क्षेत्र निकै व्यापक हुन्छ, व्यापक क्षेत्रका सबै पक्षको अनुसन्धान सम्भव हुँदैन तसर्थ खास विषयको कुन कुन पक्षको अध्ययन गर्ने हो । त्यसलाई निश्चित घेराभित्र बाध्नुलाई सीमाङ्कन भनिन्छ । अध्ययनको सीमाङ्कन अर्थात परिसीमा गर्नु आवश्यक हुन्छ ।

सीमाङ्कन गरिएन भने उद्देश्य प्राप्तिमा बाधा पर्न जाने हुँदा शोधकार्यको निष्कर्ष सही नहुन सक्छ, निर्धारित उद्देश्यमा पुग्न शोधपत्रमा अध्ययनको क्षेत्रलाई सीमाङ्कन गर्दै अघि बढ्नु राम्रो हुन्छ । निश्चित क्षेत्र र सीमा स्पष्ट भएन भने शोधकार्य उद्देश्यपूर्ण हुन सक्दैन । प्रस्तुत शोधपत्रलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत अध्ययन दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन गरिएको छ ।

(ख) प्रस्तुत अध्ययनमा छात्रा ५० र छात्र ५० गरी १०० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

(ग) शोधकार्यको लागि सङ्कलित तथ्याङ्कलाई विद्यालय प्रकृतिका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

(घ) लैङ्गिक आधारमा १० ओटा विद्यालयका छात्रा ५० जना र छात्र ५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूमा अध्ययन सीमित गरिएको छ ।

(ङ) प्रस्तुत अध्ययनमा उच्चारणका दृष्टिले बढी त्रुटि हुने ५० ओटा शब्द उच्चारण र एउटा अनुच्छेद सस्वर पठन गर्न लगाइएको छ ।

(च) अध्ययनको निष्कर्ष विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययनबाट प्राप्त गरेको तथ्याङ्कका आधारमा प्रस्तुत गरिएको छ ।

(छ) विद्यालय प्रकृतिका आधारमा श्री गडी भवन मा.वि. थाप्ला, श्री राष्ट्रिय उ.मा.वि. दत्तु, श्री केदारनाथ प्राथमिक विद्यालय दत्तु, श्री महेन्द्र नमुना मा.वि. विद्यालय खलङ्गा, दार्चुला, श्री डुङरी आधारभूत प्राथमिक विद्यालय डुङरी गरी पाँच ओटा सामुदायिक विद्यालयलाई र दार्चुला पब्लिक स्कुल खलङ्गा, दार्चुला, एसियन एकेडेमी खलङ्गा दार्चुला, अमटिकर पब्लिक स्कुल खलङ्गा, दार्चुला, बसन्त भ्याली पब्लिक स्कुल खलङ्गा, दार्चुला, अक्सफोड इन्टरनेसनल एकेडेमी स्कुल गरी जम्मा पाँच ओटा संस्थागत विद्यालयलाई समावेश गरिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन सैद्धान्तिक प्रारूप

पूर्वकार्यको अध्ययन बिना वर्तमान कार्यलाई पूर्णता दिन नसकिने हुँदा पूर्वकार्यको लेखाजोखा गर्नु आवश्यक हुन्छन् । विगतको अध्ययन र अनुगमनले वर्तमान कार्यलाई अगाडि बढाउन सघाउ पुऱ्याउँछ । पूर्वकार्यले अध्ययनको वर्तमान अध्ययन र अनुसन्धान कार्यलाई मार्गदर्शन गरिदिन्छ र सम्बन्धित विषयमा नयाँ तथ्यहरू पत्ता लगाउन मद्दत गर्दछ । वर्तमानलाई विगतका अनुसन्धानले गतिशील रूपमा लैजाने हुनाले अनुसन्धानलाई उद्देश्यमूलक बनाइ सही मार्गमा हिडाउन प्रत्यक्ष अप्रत्यक्ष रूपमा त्यससँगै सम्बन्धित अध्ययनहरूको पुनरावलोकनले यसभन्दा अगाडि सम्बन्धित विषयलाई सहयोग गर्न के कति कार्यहरू भएका छन् ? के कति प्रयासहरू भएका छन् ? ती प्रयासहरू के कस्ता पक्षहरूसँग सम्बन्धित छन् ? आदिको जानकारी प्राप्त गर्नका लागि अत्यन्तै आवश्यक रहेको हुन्छ, त्यसकारण उच्चारण क्षमताको अध्ययनसँग सम्बन्धित पूर्वकार्यको पुनरावलोकन गरिएको छ । प्रस्तुत अध्ययन दार्चुला जिल्लाका सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयमा अध्ययनरत उच्चारण क्षमतासँग सम्बन्धित रहेको छ । उच्चारणसँग सम्बन्धित अध्ययनहरू थोरै मात्रामा भएपनि उक्त अध्ययनसँग सम्बन्धित अध्ययन अनुसन्धानलाई पूर्वकार्यको रूपमा प्रस्तुत गरिएको छ ।

## २.१ पूर्वकार्यको पुनरावलोकन

### २.१.१ पुस्तक पुनरावलोकन

ढुङ्गेल र दाहाल (२०६७) द्वारा *नेपाली भाषा शिक्षण* पुस्तक प्रकाशन भएको पाइन्छ । उक्त पुस्तकको अध्याय दशमा माध्यमिक तहमा उच्चारण शिक्षणको आवश्यकता, उच्चारण शिक्षणको आवश्यकता, उच्चारण र वर्ण विन्यासको सम्बन्ध, उच्चारणमा पाइने प्रमुख त्रुटि क्षेत्रहरू, उच्चारण शिक्षणका कार्यकलापहरू, उच्चारणसम्बन्धी कमजोरीका कारणहरू र तिनको निराकरणका उपायहरू र उच्चारणगत त्रुटि निराकरणात्मक विधिहरू जस्ता शीर्षक उपशीर्षकमा उच्चारणसम्बन्धी सविस्तार वर्णन गरिएको छ । अन्तमा सम्पूर्ण पाठलाई उपसंहारका रूपमा सङ्क्षेपीकृत गरिएको छ । प्रस्तुत शोधपत्र पनि उच्चारण शिक्षणसँग सम्बन्धित भएकोले उक्त पुस्तकमा भएको उच्चारणसम्बन्धी महत्त्वपूर्ण सूचनाहरू

शोधपत्रसँग सम्बन्धित रहेको छ । सैद्धान्तिक पक्षमा मात्र सीमित भएकोले उक्त सैद्धान्तिक कुरालाई आधार बनाइएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा *नेपाली भाषा शिक्षणका केही सन्दर्भहरू* पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको अध्याय दशमा उच्चारण शिक्षणको परिचय, माध्यमिक तहमा उच्चारण शिक्षणको आवश्यकता, उच्चारण र वर्ण विन्यासको सम्बन्ध, उच्चारणमा पाइने प्रमुख त्रुटिक्षेत्र, उच्चारण शिक्षणका कार्यकलाप, उच्चारणसम्बन्धी कमजोरीका कारण र निराकरणका उपायहरू जस्ता शीर्षक, उपशीर्षकमा विस्तृत रूपमा प्रकाशन पारिएको छ । प्रस्तुत शोधपत्र पनि उच्चारण शिक्षणसँगै सम्बन्धित भएकाले उच्चारणमा पाइने त्रुटि क्षेत्र निर्क्योल गर्न उक्त पुस्तक उपयोग गरिएको छ ।

लामिछाने (२०६९) द्वारा *नेपाली भाषा शिक्षण* पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको अध्याय दशमा उच्चारण शिक्षणको परिचय र महत्त्व, उच्चारण वर्ण विन्यास तथा उच्चारण शिक्षणका तरिकाहरू उच्चारणसम्बन्धी कारण र तिनको निराकरणका उपायहरू जस्ता शीर्षकहरू राखिएका छन् । तिनीहरूमध्ये परिचय र महत्त्व शीर्षकअन्तर्गत उच्चारणलाई सम्पूर्ण भाषिक सिपकै आधारशिलाका रूपमा लिँदै भाषालाई सम्प्रेष्य र स्तरीय बनाउने प्रमुख दायित्व उच्चारणको हुन्छ भन्ने विषयवस्तु प्रस्तुत गरिएको छ । त्यस्तै उच्चारणको वर्ण विन्याससँगको सम्बन्ध देखाउँदै व्यक्तिले भाषिकागत प्रभावमा परेर, भाषिक सचेतना नअपनाउँदा, मानसिक तथा शारीरक कारणले त्रुटि गर्ने जनाउँदै त्रुटि निराकरणका उपायसमेत बताइएको छ । प्रस्तुत शोधमा उच्चारणको परिचय, शिक्षण सिकाइमा उच्चारणको महत्त्व, उच्चारणका क्रममा गर्ने त्रुटिहरू र त्रुटि निराकरणका उपायहरू जस्ता सैद्धान्तिक कुराको निरूपणका लागि उक्त पुस्तक उपयोगी बनेको छ ।

पौडेल (२०७०) द्वारा *नेपाली भाषा शिक्षण* पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकमा उच्चारण भनेको बोलीसँग सम्बन्धित कुरा हो र यसको हरेक भाषिक सिपसँग सहसम्बन्ध रहेको हुन्छ भन्दै उच्चारणको परिचय प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै भाषाको प्रभावित उच्चारण सुधार गर्न स्तरीय र मानक उच्चारणमा अभ्यस्त गराई कथ्य अभिव्यक्तिका साथ लेख्य अभिव्यक्तिमा समेत परिष्कार ल्याउन, श्रवण र पठन कलामा स्वस्थता कायम गर्न र वैयक्तिक किसिमका उच्चारण असङ्गतिहरू अक्षर चपाउने, भकभकाउने आदि हटाई शुद्ध, स्पष्ट, सुश्रव्य, प्राञ्जल र प्रभावशाली भाषिक परिष्कार गर्न

नेपाली भाषामा उच्चारण शिक्षण महत्त्वपूर्ण र अपरिहार्य रहेको बताइएको छ । त्यस्तै उक्त पुस्तकमा उच्चारण शिक्षणका कार्यकलाप र तरिकाहरूलाई समेत विस्तारपूर्वक व्याख्या गरिएको छ । समग्रमा यो पुस्तक उच्चारण शिक्षण भनेको के हो र उच्चारण शिक्षणको महत्त्व आवश्यकता र कार्यकलापहरूका बारेमा जानकारी प्राप्त गर्नको लागि उपयोगी रहेको छ ।

अधिकारी र शर्मा (२०७१) द्वारा *प्रारम्भिक नेपाली शिक्षण* शीर्षकमा पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको अध्याय छमा उच्चारण शिक्षण शीर्षकअन्तर्गत उच्चारण शिक्षणको आवश्यकता, उच्चारण शिक्षणका कार्यकलाप, उच्चारण शिक्षणको क्रम जस्ता उपशीर्षकहरूमा विभिन्न महत्त्वपूर्ण जानकारीहरू प्रस्तुत गरिएको पाइन्छ । उच्चारण शिक्षणका कार्यकलापअन्तर्गत समस्यापूर्ण वर्ण र शब्दहरूको अभ्यास, अन्य भाषा र भाषिकागत उच्चारणसम्बन्धी कठिनाइको पहिचान र निराकरणात्मक अभ्यास, अनुप्रास मिलाउने, सामूहिक र व्यक्तिगत अभ्यास, पाठका कठिन शब्दहरूको उच्चारण शिक्षण जस्ता विभिन्न प्रक्रियाहरूलाई विस्तृत रूपमा व्याख्या गरिएको पाइन्छ । प्रस्तुत शोधपत्र पनि उच्चारण शिक्षणसँग सम्बन्धित भएकोले उक्त पुस्तकमा भएको पूर्वकार्य शोधपत्रसँग सम्बन्धित रहेको छ । प्रस्तुत शोधपत्रमा प्रायोगिक व्याख्या र विश्लेषणका लागि उक्त पुस्तकमा प्रस्तुत उच्चारणसम्बन्धी सैद्धान्तिक कुराहरूलाई आधार बनाइएको छ ।

### २.१.२ शोधकार्यको पुनरावलोकन

बानियाँ (२०६०) द्वारा 'कक्षा पाँचमा अध्ययनरत लिम्बु मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषण' शीर्षकको अध्ययन गरिएको छ । उक्त शोधकार्यको उद्देश्य लिम्बु मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारण के कस्तो रहेको, नेपाली उच्चारणगत त्रुटिहरू के कस्ता रहेका र उच्चारणगत त्रुटिहरूलाई धारणा विश्लेषण गर्नु रहेको छ । उक्त अध्ययनमा क्षेत्रीय विधिलाई अवलम्बन गरिएको छ । पाँचथर जिल्लाको १० वटा विद्यालयबाट ८० जना विद्यार्थीहरू माझ परीक्षण गरिएको छ । वर्ण र शब्दको उपयुक्त उच्चारणका लागि १५० शब्द छनोट गरी उच्चारण गर्न लगाई परीक्षण गरिएको छ । उक्त परीक्षणमा लिम्बू मातृभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमतामा अत्याधिक त्रुटि रहेको र लिम्बू भाषा र नेपाली भाषामा हुने उच्चारणलाई समेत छुट्याई निष्कर्ष निकालिएको छ ।

श्रेष्ठ (२०६१) द्वारा 'कक्षा ६ मा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषण' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा ६ मा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको पहिचान गर्नु, उक्त त्रुटिहरूको वर्णन, विश्लेषण गर्नु त्रुटि हुने कारण पत्ता लगाउनु र निराकरणका लागि सुझाव पेश गर्नु त्रुटि हुने कारण पत्ता लगाउनु र निराकरणका लागि सुझाव पेश गर्नमा केन्द्रित रहेको छ । क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधि यस शोधकार्यका लागि प्रयोग गरिएको छ । भोट बर्मेली भाषा परिवारका भाषा बोल्ने विद्यार्थीहरूले अर्को नेपाली परिवारको भाषा बोल्दा बढी मात्रामा उच्चारणमा गल्ति गर्ने जस्ता निष्कर्ष निकालिएको छ ।

भट्ट (२०६२) द्वारा 'कक्षा पाँचमा अध्ययनरत दार्चुलेली भाषिकामा हुने विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन' शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रको मूल प्रयोजन दार्चुलेली भाषिकामा हुने विद्यार्थीहरूले मानक नेपाली सिक्दा गर्ने, उच्चारणगत त्रुटि क्षेत्र पहिल्याउनु उक्त त्रुटिहरूको वर्णन विश्लेषण गर्नु त्रुटिहरूको तालिकीकरण गर्नु, प्रतिशत निर्धारण गर्नुमा केन्द्रित रहेको छ । प्रतिनिधि नमुना छनोटका लागि दार्चुला जिल्लाका ग्रामीण क्षेत्र भित्र पर्ने चार वटा विद्यालयका कक्षा पाँचमा अध्ययनरत १०० जना विद्यार्थी छनोट गरी तिनीहरूबाट प्राप्त लिखित सामग्री र केही स्वतन्त्र मौखिक अभिव्यक्तिलाई टेपरेकर्ड गरी प्राप्त शब्दहरूमा विश्लेषण गरेर प्राप्त हुन आएका तथ्यहरूलाई विभिन्न शीर्षकमा तालिकीकरण समेत गरेर निष्कर्ष निकालिएको छ ।

धामी (२०६४) द्वारा 'कक्षा पाँचमा अध्ययनरत बुङ्गाली भाषिकामा विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा बुङ्गाली भाषिकामा विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा गर्ने उच्चारणगत त्रुटिहरू पहिल्याउनु त्रुटि हुने कारणहरू पत्ता लगाउनु र निराकरणका उपायहरू अपनाउनु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त अध्ययनमा क्षेत्रीय विधिलाई अवलम्बन गरिएको छ । धामीको उक्त अध्ययनमा विशेष गरी अल्पप्राण, महाप्राण, अनुनासिक वर्णको उच्चारणमा बुङ्गाली भाषी वक्ताले त्रुटि गर्ने जस्ता निष्कर्ष निकालिएको छ ।

पराजुली (२०६४) द्वारा 'सिन्धुपाल्चोक जिल्लाका कक्षा सातमा अध्ययनरत तामाङ भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोध कार्य सम्पन्न गरेको पाइन्छ । तामाङ भाषाको सामान्य परिचय दिनु, तामाङ भाषी विद्यार्थीहरूले नेपाली भाषा प्रयोग गर्दा गर्ने त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्नु, कक्षा सातमा अध्ययनरत सिन्धुपल्चोकका तामाङ भाषीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु जस्ता उद्देश्यहरू उक्त शोधकार्यमा रहेको देखिन्छ । नमुनाका रूपमा सिन्धुपाल्चोक जिल्लाका पाँच वटा सरकारी विद्यालयका कक्षा सातका १०/१० जना गरी जम्मा ५० जना विद्यार्थीहरूबाट सामग्री सङ्कलन गरी त्रुटि विश्लेषणका सिद्धान्तअनुसार वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । साथै यसमा तामाङ भाषामा प्रकाशित पुस्तक तथा सम्बन्धित विशेषज्ञहरूसँग परामर्श गरी द्वितीयक सामग्री पनि जुटाइएको पाइन्छ । तिनै विधि र सामग्रीहरूका आधारमा अध्ययन व्याख्या र विश्लेषण गरी तामाङ भाषीहरूले 'अ' वर्णको सट्टा 'आ' उच्चारण गर्ने 'द' को सट्टा 'त' प्राणत्व 'ह' वर्ण लोप लिङ्ग, मौखिक वर्ण र उच्चारणमा त्रुटि पाइने निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त शोध कार्यमा प्रस्तुत गरिएका तथ्य एवम् सूचनाहरू शोधार्थीहरूका लागि उपयोगी सामग्रीका रूपमा देखिन्छ ।

सिंह (२०६४) द्वारा 'कक्षा सातमा अध्ययनरत मैथिली भाषा विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा शोध प्रस्तुत गरिएको पाइन्छ । कक्षा सातमा मैथिली भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, उक्त त्रुटिहरू हुने कारण पत्ता लगाउनु, उक्त त्रुटिहरूले पहिचान गरी वर्गीकरण र विश्लेषण गर्नु त्रुटिहरू निराकरणका लागि आवश्यक सुझाव प्रस्तुत गर्नु यस अध्ययनका उद्देश्यहरू रहेको पाइन्छ । सिराहा जिल्लाका आठवटा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । जसमा १० छात्रालाई समावेश गराइएको छ । खासगरी मैथिली भाषा विद्यार्थीहरूले चन्द्रबिन्दु, शिरबिन्दु र संयुक्त वर्णमा बढि त्रुटि गर्ने निष्कर्ष निकालिएको पाइन्छ । त्रुटि क्षेत्र पहिल्याई निरन्तर अभ्यास गराउनुका साथै सहयोगात्मक भावनाको विकास गराउनु पर्ने सुझाव रहेको छ ।

बडु (२०६६) द्वारा 'कक्षा चारमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन' शीर्षकको शोधकार्य भएको पाइन्छ । कक्षा चारमा अध्ययनरत

दार्चुली भाषी विद्यार्थीहरूको उच्चारण क्षमता पहिल्याउनु र त्यसको बारेमा वर्णन विश्लेषण गरी उपयुक्त सुझावहरू प्रस्तुत गर्नु उक्त शोधकार्यको उद्देश्यहरू रहेका छन् । नमुना जनसङ्ख्याका रूपमा दार्चुलाको दुहुली क्षेत्रका ६ वटा सरकारी विद्यालयबाट कक्षा चारमा अध्ययनरत ६० जना विद्यार्थीहरूको छनोट क्षेत्रीय विधिको प्रयोग गरी उक्त अध्ययनमा सबैभन्दा बढी त्रुटि संयुक्त र मिश्र वर्णको उच्चारणमा भएको निष्कर्ष निकालिएको छ ।

मडै (२०६६) द्वारा 'बैतडी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । बैतडेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमताको पहिचान गर्नु, उच्चारण क्षमताको कठिनाइ पत्ता लगाउनु वा कठिनाइ निराकरणका उपायहरू पत्ता लगाउनु जस्ता उद्देश्य राखी शोधपत्र प्रस्तुत गरिएको छ । पुस्तकालयीय विधिमा आधारित उक्त शोधकार्यमा बैतडेली भाषिकालाई नेपाली भाषाकै क्षेत्रीय मानिने यो भेद परपश्चिममाअन्तर्गत पर्ने मौलिक विशेषता सहितको क्षेत्रीय भेद जस्ता निष्कर्ष निकालिएको छ । यस अध्येताको लागि उनको सैद्धान्तिक अवधारणा सम्बन्धी दृष्टि महत्त्वपूर्ण हुने देखिन्छ ।

भाट (२०६७) द्वारा 'कक्षा पाँचमा अध्ययनरत बैतडेली मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको सिकाइमा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन' शीर्षकको शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । यस शोधका उद्देश्यहरू बैतडेली मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको सिकाइमा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन गर्नु उक्त त्रुटिका क्षेत्रहरू पहिल्याउनु र निराकरणका उपायहरूको खोजी गर्नु रहेका छन् । उक्त अध्ययन क्षेत्रीय अध्ययन विधि, प्रश्नावली समेत उपयोग गरी अध्ययन प्रक्रिया सम्पन्न गरिएको देखिन्छ । प्रस्तुत शोधपत्रमा बैतडेली मातृभाषी विद्यार्थीले उच्चारणका क्रममा विशेष गरी घोषत्व, प्राणत्व, अनुनासिक, रेफ स्वरागन जस्ता क्षेत्रमा बढी त्रुटि गरेको निष्कर्ष निकालिएको पाइन्छ ।

ज्ञवाली (२०६८) द्वारा 'रूपन्देही जिल्लाका कक्षा पाँचमा अध्ययनरत अवधी भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यले उद्देश्य अवधि भाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, त्रुटिहरू पहिचान गर्नु र वर्णन विश्लेषण गरी त्रुटिहरू निराकरणका उपायहरू अपनाइ सल्लाह सुझाव दिनु रहेको छ । उक्त शोधकार्यमा

क्षेत्रीय विधिलाई अवलम्बन गरिएको छ । रूपन्देहीका चारओटा विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्या नमुना छनोट गरिएको छ । उच्चारणका दृष्टिले त्रुटि हुन सक्ने ८० शब्दहरू छनोट गरी परीक्षण गरिएको छ । उक्त अध्ययनमा अवधी भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारणमा निरन्तर त्रुटि देखिएको र त्रुटिहरू निराकरणका लागि आवश्यक सल्लाह सुझाव दिई निष्कर्ष निकालिएको छ ।

तामाङ (२०६८) द्वारा 'तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्ने त्रुटिहरू' शीर्षकमा स्नातकोत्तर शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त अध्ययनको उद्देश्य तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारणमा गर्ने त्रुटि पत्ता लगाउनु, त्रुटिहरूको वर्गीकरण गर्नु एवम् त्रुटि निराकरणका उपायहरू सुझाउनु मुख्य रहेका छन् । सिन्धुपाल्चोक जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको उक्त अध्ययनमा १० ओटा विद्यालयबाट ५/५ जना गरी जम्मा ५० जना विद्यार्थीहरूलाई अध्ययनमा संलग्न गराइएको थियो । ती विद्यार्थीहरूलाई विभिन्न शब्दहरू उच्चारण गर्न लगाई उच्चारित शब्दहरूलाई टेपरेकर्ड गरी सामग्री सङ्कलन गरिएको पाइन्छ । प्रत्यक्ष कुराकानी, प्रश्नावली, अन्तर्वार्ता जस्ता प्राथमिक सामग्री एवम् विभिन्न लेख, रचना पुस्तक जस्ता द्वितीयक सामग्रीको प्रयोग गरी व्याख्या, विश्लेषण र समुचित प्रस्तुतीकरणको विधि अपनाएर शोधकार्य सम्पन्न गरेको देखिन्छ । उक्त अध्ययनबाट विद्यार्थीहरूले 'अ' वर्णको सट्टा 'आ' वर्णको प्रयोग गर्ने, 'ह' वर्णको लोप गरी उच्चारण गर्ने, प्राणत्व, अल्पप्राण वर्णको उच्चारण त्रुटि गर्ने, अनुनासिक वर्णको उच्चारणमा त्रुटि गर्ने जस्ता निष्कर्ष निकालिएको छ ।

सिंखडा (२०६८) द्वारा 'धादिङ जिल्लाका कक्षा दसमा अध्ययनरत तामाङ भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरूमा कक्षा दसमा अध्ययनरत तामाङ भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, त्रुटिहरूको वर्गीकरण गर्नु र त्रुटि हुने कारण पत्ता लगाई निराकरणका लागि उपायहरू बताउनु रहेको छ । उक्त अध्ययनका लागि धादिङ जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिई उक्त विद्यार्थीहरूमध्ये ५ विद्यालयबाट १०/१० जना गरी जम्मा ५० जना तामाङ भाषी विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । साथै द्वितीयक

सामग्रीको रूपमा शोधपत्र, पत्रपत्रिका, पुस्तकहरू एवम् सम्बन्धित विषय विज्ञहरूको पनि उपयोगी गरिएको छ । यस अध्ययनबाट तामाङ भाषीहरूले 'अ' को सट्टा 'आ' उच्चारण गर्ने, 'ह' वर्णको लोप गर्ने, अनुनासिक वर्णको उच्चारणमा त्रुटि गर्ने अल्पप्राणको सट्टा महाप्राणको प्रयोग गर्ने, लिङ्गगत त्रुटि गर्ने जस्ता निष्कर्षहरू निकालिएको छ ।

खत्री (२०७२) द्वारा 'उदयपुर जिल्लाका कक्षा आठमा अध्ययनरत थारु भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उदयपुर जिल्लामा कक्षा आठमा अध्ययनरत थारु भाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको वर्णन विश्लेषण गर्नु र उक्त त्रुटि निराकरणका उपायहरू सुझाउनु जस्ता उद्देश्यहरूमा उक्त शोधकार्य आधारित रहेको देखिन्छ । यस अध्ययनमा उदयपुर जिल्लाका पाँच वटा सामुदायिक र पाँच वटा संस्थागत गरी १०० जना विद्यार्थीहरूलाई नमुना छनोट उच्चारणमा त्रुटि हुन सक्ने २०० ओटा शब्दहरू उच्चारण गर्न लगाइ सामग्री सङ्कलन गरिएको देखिन्छ । सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीय स्रोतको उपयोग गरिएको देखिन्छ थारु भाषी विद्यार्थीहरूले संयुक्त र मिश्र शब्दहरूको उच्चारणमा त्रुटि गर्ने त र त वर्णको उच्चारणमा बढी त्रुटि गर्ने, हलन्त र अजन्तमा बढी त्रुटि गर्ने र अ र इ को उच्चारणमा त्रुटि गर्ने जस्ता निष्कर्ष निकालिएको छ ।

तिमल्सिना (२०७३) द्वारा 'सर्लाही जिल्लाका तामाङ भाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारण क्षमताको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधकार्य सम्पन्न गरिएको पाइन्छ । सर्लाही जिल्लाका तामाङ भाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमता पहिचान गर्नु कक्षा सातमा अध्ययनरत छात्र वा छात्राको उच्चारण क्षमता तुलना गर्नु सामुदायिक तथा संस्थागत विद्यालयका तामाङ् भाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमताको तुलना गर्नु जस्ता उद्देश्यहरूमा उक्त शोधकार्य आधारित रहेको देखिन्छ । विद्यार्थीहरूलाई सर्लाही जिल्लाका चार वटा सामुदायिक र चारवटा संस्थागत विद्यालयबाट ८० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको देखिन्छ । विद्यार्थीहरूलाई समस्यापूर्ण कार्य उच्चारण गर्न लगाई प्राप्त तथ्याङ्कलाई मानक विचलन, मध्यमान, प्रतिशताङ्क, तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । समग्र विद्यार्थीहरूमध्ये ५८-७५ प्रतिशतको मध्यमानभन्दा माथि र ४१-२५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल उच्चारण क्षमता देखिएको, सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ६६.६ र

संस्थागत विद्यालयको मध्यमान ६५.८७ रहेकाले यी दुवैबिच खासै अन्तर नरहेको निष्कर्ष निकालिएको देखिन्छ ।

मगर (२०७१) द्वारा 'कक्षा आठमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको भाषिक प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । कक्षा आठमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको समग्र वाक्य गठन सम्बन्धी त्रुटिहरू पहिल्यानु वाक्य गठनसँग सम्बन्धित त्रुटिहरूको वर्गीकरण र विश्लेषण गर्नु उक्त त्रुटिहरूका कारण पत्ता लगाइ सुधारका लागि सुझाव दिनु उक्त शोधपत्रको उद्देश्य रहेको छ । जसमा शोध विधि र अध्ययन प्रक्रियाका रूपमा अध्ययनको ढाँचा जनसङ्ख्या र नमुना छनोट, प्रश्नावली निर्माण, परीक्षण तथा तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण आदि विधि अपनाएर शोध विधिलाई अगाडि बढाएको पाइन्छ र निष्कर्षमा कक्षा आठमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले भाषिक प्रयोगमा धेरै त्रुटिहरू गरेको पाइएको छ । तसर्थ उक्त शोधपत्र त्रुटिसँग सम्बन्धित भएकाले कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको नेपाली उच्चारणगत त्रुटिहरूको अध्ययनका लागि सहयोग पुऱ्याएको छ ।

## २.२ पुनरावलोकनको महत्त्व

अनुसन्धान कार्यलाई अघि बढाउनुपूर्व नै सम्बन्धित विषय तथा क्षेत्रमा के कति अध्ययन अनुसन्धानहरू भएका छन्, कुन कुन साधन सामग्री तथा विधिहरूको प्रयोग गरिएका छन् र के के सुझाउ दिएका छन् । तिनीहरूको बृहत् अध्ययन तथा समीक्षा गर्नुपर्दछ । यसले सम्बन्धित विषयमा त्यसपूर्व के कति अध्ययन अनुसन्धान भएका छन् र के कति काम बाँकी छ भन्ने कुराको जानकारी प्रदान गर्दछ । पुनरावलोकनले पूर्वकार्यहरूका आधारमा नयाँ अनुसन्धान तयार गर्न सहयोग पुऱ्याउने हुँदा अनुसन्धान दोहोरिनबाट जोगाउँछ ।

आफूले गरेको अनुसन्धानको सम्बन्धित विषयमा आफूभन्दा पहिले के कस्तो अध्ययन भएको छ र सो सम्बन्धमा पूर्ववर्ती शोधकर्ताहरूको धारणा के रहेछ बुझ्न एवम् आफूले गरेको काम पूर्ववर्ती कामभन्दा के कस्तो रूपमा भिन्न छ भन्ने देखाउँदै आफ्नो शोधको औचित्य स्पष्ट गर्न पनि पुनरावलोकनको आवश्यकता पर्दछ ।

पूर्वअध्ययनले अनुसन्धानकर्तालाई मार्गनिर्देशन प्रदान गर्दछ, त्यसैले यो खोज कार्यका लागि पूर्व योजना एवम् निर्देशिका हो पनि भन्न सकिन्छ । पूर्व अध्ययनले तथ्याङ्क सङ्कलन गर्न सहयोग गर्दछ । यसले कस्ता प्रकृतिका तथ्याङ्क सङ्कलन गर्ने कसरी विश्लेषण गर्ने भन्ने बारेमा अनुसन्धानकर्तालाई सहयोग पुऱ्याउँछ । पूर्व अध्ययन गरिएको अनुसन्धानको निष्कर्ष सत्यमा आधारित हुन्छ । अनुसन्धानलाई प्रमाणिकता, विश्वसनियता वैज्ञानिकता तथा निश्चितता प्रदान गर्छ । साथै पूर्व अध्ययनको सहयोगबाट अनुसन्धानकर्तालाई अनुसन्धान सम्बन्धी सम्पूर्ण पक्षहरूको पूर्वानुमान गर्न सहयोग गर्दछ । त्यसैले अनुसन्धानकर्ताले पूर्वकार्यको अध्ययन गर्नु अति नै आवश्यक छ ।

## २.३ नेपाली भाषाको परिचय

नेपाली भाषिक विविधता भएको देश हो । यहाँ भारोपेली लगायत भोट बर्मेली, आग्नेली र द्रविडेली भाषा परिवारका भाषाहरू प्रयोगमा रहेको पाइन्छ । २०६८ सालको जनगणनाअनुसार नेपालमा १२३ वटा भाषाहरू प्रयोगमा रहेको पाइन्छ, विविध भाषाहरूकोबिचमा सम्पर्क भाषाको रूपमा मान्यता पाएको भाषा नेपाली भाषा हो । नेपालमा नेपाली भाषा साझा पहिचान, मान्यता र राष्ट्रिय भूमिका निभाउने एउटा राष्ट्रभाषा बनेको छ । नेपाली भाषा सम्पर्कको माध्यम तथा सरकारी भाषाको रूपमा प्रतिष्ठित भएकाले विद्यालय तहमा अनिवार्य विषयका रूपमा, अध्ययन अध्यापन गराइन्छ । नेपाल अधिराज्यको संविधान ४७ को भाग १ धारा ६ को उपधारा १ मा देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा रहनेछ । यो भाषा सरकारी कामकाजको भाषा हुनेछ भन्ने विद्यालय तथा उच्च शिक्षाको पाठ्यक्रममा अनिवार्य विषयका रूपमा स्थापित गरिएको छ ।

## २.४ दार्चुलेली भाषाको परिचय

सतहत्तर जिल्ला र सात प्रदेशमा विभाजित सिङ्गो नेपाल उत्तरमा नगाधिराज हिमाल र दक्षिणमा तोरी फुल्ने तराइका समथर फाँट अनि पूर्वमा मेची नदी र पश्चिममा महाकाली नदीले वेवस्थित प्राकृतिक विविधताले सजीसजावट छ । पाँच विकासक्षेत्रमध्ये सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत महाकाली अञ्चलका चारवटा दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर) जिल्लाहरूमध्ये दार्चुला एक हिमाली पहाडी एवम् दुर्गम जिल्ला हो । यस जिल्लाका पूर्वमा बझाङ्ग जिल्लाको पश्चिममा भारतको उत्तराञ्चल प्रदेश, उत्तरमा चीन, तिब्बत र दक्षिणमा बैतडी जिल्ला रहेका छन् ।

यो जिल्ला राजनैतिक एवम् प्रशासनिक दृष्टिले २ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरूमा विभाजित छ । यस जिल्लामा ८१ वडाहरू रहेका छन् । महाकाली नगरपालिका भारतीय सीमासँग र व्यास गाउँपालिका चीनसँग जोडिएको छ । जिल्लाको सदरमुकाम रहेको खलङ्गा पनि भारतको धारचुलासँग जोडिएको छ । यस नगरपालिकाको पूर्वमा वडा नं. १ काटैं, पश्चिममा भारतको धारचुला उत्तरमा छापरी र दक्षिणमा दत्तु- ९ रहेको छ ।

पहाडी धरातलमा समथर उर्वर फाँटहरू घना हरिया जङ्गलहरू अग्ला अग्ला डाँडाकाँडा एवम् हिमश्रृङ्खलाहरू पर्यटकीय दृश्यावलोकन गर्न योग्य स्थानहरू विभिन्न वन्यजन्तु पशुपक्षी तथा जडिबुटीहरूले भरिपूर्ण दार्चुला जिल्ला प्राकृतिक सम्पदा र संस्कृतिले धनी मानिन्छ ।

मातृभाषाका हिसाबले पनि दार्चुला जिल्लाको जनसङ्ख्या विभिन्न भाषिक समूहमा बाडिएको छ । केही सन्दर्भमा नेपाली भाषाको पनि प्रयोग भएको पाइन्छ । केही व्यक्तिहरूले हिन्दी भाषालाई भाषाको रूपमा प्रयोग गर्दछन् भने सौका जातिहरूले आफ्नै मातृभाषा बोल्ने गर्दछन् । यस जिल्लाका अधिकांश जनताहरूको माध्यम भाषा स्थानीय दार्चुलेली भाषिका हो । यस भाषिकाको छुट्टै लिपि र व्याकरण छैन तर यसका धेरैजसो शब्दहरू राष्ट्रभाषा नेपालीसँग मिलेको पाइन्छ ।

## २.५ सैद्धान्तिक प्रारूप

भाषा विचार विनिमयको साधन भएकाले भाषाको विनिमयको लागि उच्चारण अग्रस्थानमा रहेको छ । जस्तो बोल्यो त्यस्तै सुनाइ, पढाइ, लेखाइ हुने हुनाले उच्चारणको व्यवस्थाले नै समग्र भाषाको सोला डोलो आकार दिने गर्दछ । भाषाको उच्चारणले भाषाको आधारभूमिको काम गर्दछ । मनोबिम्बलाई प्रतीकका माध्यमबाट प्रस्तुत गर्नलाई, ध्वनि उत्पादनको आवश्यकता पर्दछ । त्यसैले सार्थक ध्वनिलाई भाषामा उच्चारण भनिन्छ । हरेक भाषाको उच्चारणमा आ-आफ्नो व्यवस्था हुन्छ । भाषाको व्यवस्थाअनुसार उच्चारणको प्रभाव पढाइ लेखाइमा प्रत्यक्ष प्रभाव पर्दछ । कुनै वर्णहरू लेख्यअनुसार उच्चारण हुँदैनन् भने कुनै उच्चारणअनुसार लेखिँदैनन् कुनै उच्चारण गलत भएर भाषामा अशोभनीयता देखिन्छ भने भाषाको व्यवस्थाअनुसार उच्चारण नभएमा अनर्थ पनि हुने गर्दछ । नेपाली भाषामा लिङ्ग, वचन, काल, भाव, वाच्य आदिलाई कोटिकरण गरेको वा विभाजन गरेको पाइन्छ भने

यो व्यवस्था अरु सबै भाषामा नमिल्न सक्छ । त्यसैले हरेक भाषाको आ-आफ्नो उच्चारणको व्यवस्था हुने गर्दछ ।


दार्चुलेली भाषिकाको पनि उच्चारण व्यवस्था आफ्नै किसिमको रहेको छ । निर्जिव वस्तुलाई लिङ्गीय भेदअनुसार बोलिने ह ध्वनिको सट्टामा इ ध्वनिको उच्चारण हुनु य को ठाउँमा ज त्यस्तै र को ठाउँमा ड हुनु दार्चुलेली भाषिकामा प्रत्ययका रूपमा इन, उन, आन जोडिनु आदि किसिमका व्यवस्था रहेका छन् । त्यस्तै उच्चारणको बेला पनि दार्चुलेली मातृभाषाको प्रभावले गर्दा चराको गुँडलाई चडाको घोल अहिलेलाई अइले, यज्ञलाई जग्गे, गरोलाई गडो आदि किसिमको उच्चारण रहेको पाइन्छ ।

नेपाली भाषाको उच्चारण व्यवस्था आफ्नै किसिमको रहेको छ । बोली जस्तो हुन्छ त्यस्तै लेख्नु पर्छ भन्ने मान्यता रहे पनि बोलीअनुसार लेखाइ पाइदैन जस्तैः बाहुनलाई वाहुन लेखिन्छ, बालुवालाई वालुवा लेखिनु, बनलाई वन लेखिनु यसका उदाहरण हुन् । नेपाली भाषाको उच्चारणअनुसार लेखाइमा नभएकाले केही वर्ण लेखाइमा एक र उच्चारणमा अर्कै हुने स्थिति भाषामा स्तरीयता शुद्धता ल्याउनमा अवरोध सिर्जना गरेको महसुस हुन्छ ।

दार्चुलेली भाषिका नेपालमा बोलिने नेपाली भाषाकै एउटा भेद हो । नेपालको सुदूरपश्चिमको दार्चुला जिल्लामा बोलिने नेपाली भाषालाई भाषिका भनिन्छ । उक्त भाषाको उच्चारण व्यवस्था धेरै मात्रामा नेपाली भाषासँग मिल्छ भने केही मौलिक किसिमको पनि रहेको छ । दार्चुलेली भाषिकाको धेरै नेपाली भाषासँग मिल्नाले नै यो भाषाको भेदको रूपमा लिइएको छ । यी भाषा र भाषिकामा बोधगम्यता पनि रहेको छ । उच्चारण व्यवस्था पनि मिल्दाजुल्दा रहेका छन् ।

दार्चुलेली भाषिकामा स्थानीय भाषाको प्रभावले गर्दा खेरी नेपाली भाषाको उच्चारणमा केही भिन्नता रहेकाले उक्त भाषाका उच्चारण क्षमता विकासका लागि अभ्यास पुनरावृत्तिको आवश्यता देखिन्छ । त्यस्तै जस्ता त्रुटिहरू दार्चुलेली भाषी विद्यार्थीहरूले गर्दछन् । त्यस्तै किसिमका त्रुटि नेपाली भाषीहरूले पनि उच्चारणको बेला गर्ने भएकाले नेपाली भाषाको उच्चारण क्षमता वृद्धि गर्नको लागि त्यस्ता त्रुटिगत उच्चारण हुने वर्णहरूको समाधानका लागि अभ्यासको पुनरावृत्तिको खाँचो देखिन्छ ।

**सैद्धान्तिक ढाँचा**




यसरी समग्रमा हेर्दा दार्चुलेली भाषिका र नेपाली भाषामा समिप्यता रहे पनि दार्चुलेली भाषीले नेपाली भाषाको उच्चारणमा प्राणत्व, घोषत्व 'र' को ठाउँमा ड र 'ह' को ठाउँमा 'इ' 'य' को ठाउँमा 'ज' आदि किसिमका त्रुटि गर्ने गरेको पाइन्छ । त्यस्तै संयुक्त र मिश्र शब्दहरूको उच्चारणमा नेपाली भाषामा पनि त्रुटि हुने भए पनि दार्चुलेली भाषीहरूको पनि उक्त उच्चारणमा त्रुटि गरेको पाइन्छ ।

दार्चुलेली भाषिका र नेपाली भाषा एक अर्कामा बोधगम्यता हुनु भाषिक विशेषताहरू मेल खानु आदि कारणले गर्दा खेरी नेपाली भाषाको भेदको रूपमा दार्चुलेली भाषिका देखिन्छ । त्यसैले यी भाषा र भाषिकाबिचमा निकटतम् सम्बन्ध पनि रहेको छ ।

### २.५.१ उच्चारणको परिचय

भाषा मानव जातिको निजी पेवा हो । मानिस र अन्य प्राणी छुट्याउने एउटा विशेष माध्यम भाषा हो । भाषाका माध्यमबाट मानवीय भावना तथा विचारहरूको विनिमय हुने गर्दछ । विचार सम्प्रेषणको सशक्त माध्यम भाषा भएको हुनाले भाषा शुद्ध स्पष्ट र स्तरीय हुनु आवश्यक हुन्छ । भाषाका माध्यमबाट विचार आदान प्रदानका लागि बोलाइ तथा उच्चारणको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । व्यक्ति भाषाकै चौघेरामा जन्मिन्छ र त्यही भाषिक वातावरणमा हुर्किंदै जान्छ, उमेर र बुद्धिका माध्यमले व्यक्तिमा भाषा बुझेर अभ्यस्त हुँदै पछि भाषालाई नै आफ्नो परिचित वस्तुका रूपमा ठान्छन् र कुनै न कुनै भाषालाई जीवनको अभिन्न अङ्गको रूपमा स्थापित गर्दछन् । भाषिक सम्प्रेषणका लागि मौखिक भाषाको प्रयोगमा आउने उच्चारण शुद्ध र स्पष्ट भएपछि मात्र पूर्ण मानिन्छ । शुद्ध उच्चारण शिक्षित पठित व्यक्तिको पहिचान हो । शुद्ध उच्चारण सस्वर पठनको आधारशीला पनि हो । शुद्ध उच्चारण क्षमताले बोलाइलाई प्रभावकारी बनाउँछ । भाषामा बोलाइ तथा

उच्चारणको आधारमा भाषाका अन्य सिप सुनाइ, पढाइ, लेखाइ हुने हुनाले यसको असर समग्र भाषामा पर्न जान्छ । शुद्ध उच्चारण गर्न नसक्ने मानिसले शुद्धसँग बोल्न, सस्वर पठन गर्न र शुद्धसँग लेख्न पनि सक्दैन । त्यसैले भाषामा शिष्ट बोल्न उपयुक्त तथा मानक भाषाको स्थापनाको लागि उच्चारण सम्बन्धी गल्ति/ त्रुटिहरूको निराकरण गर्नु आवश्यक हुन्छ । भाषामा गल्ती तथा त्रुटि हुनाको कारण हरेक भाषाको स्थानीय ्वा भाषिकागत भेदको प्रभाव रहेको पाइन्छ । यस्तो खाले भाषामा देखिएको समस्यालाई भाषिकागत समस्या/त्रुटि/गल्ती भनिन्छ । जस्तैः

गए = गये

यती =एती

यसरी = एसरी

धन्यवाद = धन्येवाद

त्यसले यस्ता त्रुटिहरूको निराकरण गर्न उच्चारण शिक्षण आवश्यक हुन्छ ।

कुनै पनि शब्दको उच्चारणका लागि फोक्सोबाट निस्केको सास मानवीय विभिन्न उच्चारणका लागि अवयवहरूमा ठोक्किएर वा घर्षण भएर शब्द निर्माणका लागि वर्णहरूको उचित क्रम मिलाई बोल्नुलाई उच्चारण भनिन्छ । उच्चारण शिक्षण बोलाइको पहिलो र महत्त्वपूर्ण आधार हो । उच्चारणत कमजोरी अथवा अशुद्धिले बोलीमा अस्पष्टता, अनर्थता, अप्रभावकारिता तथा अशोभनीयताको सिर्जना हुन जान्छ (शर्मा र पौडेल, २०७० : ८२) । उच्चारणगत भिन्नताले अर्थमा भिन्नता ल्याउँछ । वक्ताले उक्त सन्दर्भमा भनेको कुरालाई श्रोताले अर्को सन्दर्भ वा अर्थमा ग्रहण गर्न सक्छन् । त्यसैले मौखिक अभिव्यक्तिलाई असान्दर्भिक, असमर्थक हुनबाट जोगाउन भाषा शिक्षणमा उच्चारण शिक्षण एक आवश्यक र महत्त्वपूर्ण खुड्किलो रहेको छ ।

उच्चारण भाषाको कथ्य वा मौखिक रूपसँग सम्बन्धित हुन्छ । भाषाको आधारभूत सिकाइ पनि उच्चारणबाट नै हुने गर्दछ । बोलाइको एउटा महत्त्वपूर्ण पक्ष उच्चारण हो । बोलाइमा शुद्धता, स्पष्टता ल्याउन उच्चारण आवश्यक हुन्छ । उच्चारण मानवीय बोलीसँग सम्बन्धित कुरा हो । मानवीय विचारलाई ध्वन्यात्मक रूपमा प्रकट गर्ने प्रक्रियालार्य मौखिक स्वर उच्चारण भनिन्छ । ध्वनि वा ध्वनि समूहको समष्टिगत उच्चारणबाट मात्र विचारको प्रकृतिकरण हुन्छ । विचार विनिमयको लागि वक्ता र स्रोताकाबिच ध्वनि उच्चारणमा शुद्धता

आवश्यक हुन्छ । वक्ताको उच्चारणलाई शुद्ध र स्पष्ट बनाउनका लागि गरिने शिक्षण नै उच्चारण शिक्षण हो । उच्चारण भनेको बोलीसँग सम्बन्धित कुरा हो । बोली मानव मुखका विभिन्न उच्चार्य अङ्गका माध्यमले ध्वन्यात्मक रूपमा प्रकट हुन्छ । भाषैपिच्छे ध्वनि उच्चारणहरू फरक-फरक हुन सक्छन् । नेपाली भाषाका खण्डीय र खण्डेत्तर वर्णहरूको उच्चारणमा आफ्नै किसिमका प्रयत्न कम्पन्न घन्को र स्वास, मात्रा हुन्छन् । हरेक वर्णहरू अक्षरमा अक्षरहरू रूपमा रूपहरू शब्दमा शब्दहरू पदावलीमा पदावलीहरू उपवाक्य तथा वाक्यमा हरेक वाक्यहरू सङ्कथनमा उनिएर सिङ्गो भाषिक अभिव्यक्ति तयार हुने हुनाले यी सबैका लागि उच्चारण आधाभरूत एवम् महत्त्वपूर्ण पक्ष हो । उच्चारण सित हलन्त, अजन्त, गति, सुर, लय, अनुतान, आघात आदि अभिव्यक्तिका अन्य विभिन्न भाषिक पत्रहरूको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका हुन्छ । सही र शुद्ध उच्चारण भए मात्र भाषाको सही अभिव्यक्ति तयार हुन्छ र सबैको ग्राह्य र सम्प्रेष्य बन्छ उच्चारणगत कमजोरी वा अशुद्धिधिले बोलीमा अस्पष्टता, अनर्थता अप्रभावकारिता तथा अशोभनीयता सिर्जना हुन्छ (शर्मा र पौडेल, २०६८ : १६६) । भाषा शिक्षणका क्षेत्रमा विद्यार्थीहरूले विविध किसिमका उच्चारणगत त्रुटिहरू गर्दछन् । त्यस्ता त्रुटिहरू विविध क्षेत्रका हुन्छन् जस्तो कि महाप्राण वर्ण उच्चारण स्थान अल्पप्राण वर्णको उच्चारण गर्नु जस्तै- पढ्नु= पडनु आदि अघोष वर्णका स्थानमा अघोष वर्णको उच्चारण गर्नु जस्तैः ठग्नु= ठक्नु आदि रेफयुक्त वर्णको उच्चारणमा गल्ती गर्नु संयुक्त वर्णको उच्चारणमा त्रुटि गर्नु आदि सिकाइ शिक्षणका सन्दर्भमा विद्यार्थीहरूले यी प्रवृत्तिका उच्चारणगत त्रुटि गर्नुका पछाडि विविध कारणहरू हुन्छन् जसमध्ये मातृभाषिक पृष्ठभूमि भाषिका शारीरिक स्थिति सामाजिक वातावरण सम्पर्क आदि प्रमुख मानिन्छ । यी कारणले देखापर्ने उच्चारणगत त्रुटिको निराकरण गर्नका लागि उच्चारण शिक्षणको आवश्यकता पर्दछ ।

नेपाली भाषाको स्थानीय भाषिका प्रभावित उच्चारण वा बोलिमा सुधार गर्न, विविध इतर नेपाली भाषा अथवा मातृभाषाको उच्चारण प्रभावबाट नेपाली भाषाको उच्चारणलाई मुक्त गराउन स्तरीय एवम् मानक उच्चारणमा अभ्यस्त गराइ त्यसबाट कथ्य अभिव्यक्ति साथै लेख्य अभिव्यक्तिमा समेत परिष्कार ल्याउन र अझ दोस्रो भाषाको रूपमा नेपाली पढ्नेहरूको भाषिक उच्चारणमा आधारभूत सुधार परिष्कार गर्न उच्चारण शिक्षणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (पौडेल, २०६७ : १४१) । उच्चारण शिक्षणले नेपाली भाषाको शुद्ध र स्पष्टसँग प्रयोग गर्न मद्दत गर्दछ । कुनै पनि चिजलाई व्याख्या विश्लेषण

गर्ने तरिका व्यक्तिपिच्छे फरक हुन्छ । यसरी नै भाषा शिक्षणअन्तर्गत उच्चारण क्षमताको लागि पनि प्रत्येक भाषाशास्त्री तथा विद्वान्हरूले आ-आफ्नो विचार व्यक्त गरेका छन् ।

वक्ताको उच्चारणलाई शुद्ध र स्पष्ट बनाउन गरिने सचेत र योजनाबद्ध प्रयास नै उच्चारण हो (ढकाल, २०६६ : २१६) । ध्वनि अवयवहरूबाट हुने ध्वनिहरूको उत्पादन अरुले सुन्ने गरी मुखबाट शब्द निकाल्ने प्रक्रिया, वर्ण वा शब्दलाई ध्वनिमा परिणत गर्ने काम शब्दोच्चारण (अधिकारी, २०७० : १४८) । यसरी माथिका विचारहरूलाई हेर्दा बोलाइको प्रारम्भदेखि लिएर सिकाइको उत्तर अवस्थासम्म उच्चारण स्थान आधारभूत एवम् महत्त्वपूर्ण रहेको कुरा पुष्टि हुन्छ ।

### २.५.२ उच्चारण क्षमताको महत्त्व र आवश्यकता

औपचारिक वा अनौपचारिक जुनसुकै स्थितिमा शिक्षित वा अशिक्षित मानिसका लागि बोलाइ वा मौखिक अभिव्यक्ति विचार प्रकटिकरणको अनिवार्य र अपरिहार्य रहेको हुन्छ । विचार विनिमयको सरल सहज र प्रभावकारी र सर्वसुलभ साधन वा माध्यम बोलाइ हो । त्यसैले महत्त्वपूर्ण अभिव्यक्तिको उपायलाई अपेक्षा अनुकूल बनाउन उच्चारण शिक्षण आवश्यक हुन्छ । उच्चारण मौखिक अभिव्यक्तिको उपायलाई अपेक्षा अनुकूल बनाउन उच्चारण शिक्षण आवश्यक हुन्छ । उच्चारण मौखिक अभिव्यक्तिको आधारभूत कार्यकलाप भएको हुनाले भाषाको सिकाइमा प्रारम्भिक कक्षादेखि नै उच्चारणलाई प्राथमिकता दिई उच्चारण क्षमता वृद्धि गर्नु आवश्यक हुन्छ । यदि प्रारम्भिक कक्षाहरूमा उच्चारण शिक्षण सही र स्पष्ट गराउन नसके त्यसको असर पछिल्ला कक्षाहरूमा र हरेक भाषिक सिपमा पर्ने भएकाले यसलाई महत्त्वका साथ उच्चारण शिक्षण गराउनु आवश्यक देखिन्छ ।

कक्षामा भाषा सिक्ने सबै खाले शिक्षक वा विद्यार्थीले भाषिक व्यवहारलाई उपयुक्त स्तर प्रदान गरी उद्देश्यमुखी बनाउनु उच्चारण शिक्षणको आवश्यकता पर्दछ । त्यस्तै पहिलो भाषी वा दोस्रो भाषी पृष्ठभूमिबाट आएका पहिलो भाषी विद्यार्थीहरूले भाषिकागत प्रभावलाई शिष्ट स्तरीय र मानक स्वरूप दिनको लागि उच्चारण शिक्षण आवश्यक देखिन्छ । दोस्रो भाषी पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई पहिलो भाषी प्रभावबाट मुक्त गराउन सिक्न खोजिएको भाषाका विशेषतालाई खोजी उच्चारण गर्न लगाएर भाषिक उच्चारण क्षमता विकास गर्न आवश्यक हुन्छ ।

भाषा शुद्ध स्पष्ट र स्तरीय हुनुपर्दछ । शिक्षक वा विद्यार्थीले भाषिक व्यवहारलाई उपयुक्त स्तर प्रदान गरी उद्देश्य बनाउनु उच्चारण शिक्षणको आवश्यकता पर्दछ । त्यस्तै पहिलो भाषी वा दोस्रो भाषी पृष्ठभूमिबाट आएका पहिलो भाषी विद्यार्थहरूले भाषिकागत प्रभावलाई शिष्ट, स्तरीय र मानक स्वरूप दिनको लागि उच्चारण शिक्षण आवश्यक देखिन्छ । दोस्रो भाषी पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई पहिलो भाषी प्रभावबाट मुक्त गराउन सिक्न खोजिएको भाषाका विशेषतालाई खोजी उच्चारण गर्न लगाएर भाषिक उच्चारण क्षमता विकास गर्न आवश्यक हुन्छ ।

उच्चारणमा हुने अशुद्धिले गर्दा बोलाइ अस्पष्ट हुने, अर्थको अनर्थ हुने एवम् अप्रभावकारी हुने जस्ता सम्भावना प्रशस्त रहन्छन् । राम्रो विचार रहेछ भने पनि उच्चारणगत कमजोरीले गर्दा वक्ताले स्रोतामा प्रभाव पार्न नसक्ने हुन्छ । स्तरीय भाषाका वक्ताका लागि शब्दको गलत उच्चारण अशोभनीय र हास्यास्पद बन्न जाने हुनाले पनि मौखिक अभिव्यक्तिलाई उक्त कुराबाट बचाउन उच्चारणमा शुद्धता वाञ्छनीय छ अतः उच्चारणमा शुद्धता कायम गर्नु बोलाइको स्तरीकरणको शुद्धता वाञ्छनीय छ । अतः उच्चारणमा शुद्धता कायम गर्नु बोलाइको स्तरीकरणको महत्त्वपूर्ण खुड्किलो हो भन्ने कुरा स्पष्ट छ । उच्चारण शिक्षण विभिन्न दृष्टिकोणले महत्त्वपूर्ण हुन सक्छ । उल्लिखित कुराहरूलाई निम्नानुसार बुँदागत रूपमा देखाउन सकिन्छ ।

- सिकारुले प्रयोग गर्ने स्थानीय भाषिक भेदबाट प्रभावित भाषालाई मानक वा स्तरीय रूप प्रदान गर्न उच्चारण शिक्षण अनिवार्य हुन्छ ।
- मौखिक अभिव्यक्तिको लागि पृष्ठभूमि तयार पार्न आवश्यक छ ।
- नेपाली पहिलो भाषा नभएका विद्यार्थीहरूले उच्चारण गर्ने नेपाली भाषामा पहिलो भाषाका ध्वनि र वर्णको उच्चारणगत विशेषताहरू प्रभाव पार्ने हुँदा उक्त प्रभावबाट छुट्कारा दिन शुद्ध स्पष्ट र स्तरीय उच्चारणमा स्तरीकृत गराउन उच्चारण शिक्षण आवश्यक छ ।
- त्रुटिपूर्ण अशुद्ध एवम् स्तरहीन उच्चारणले भाषाका हरेक सिपमा प्रभाव पार्ने भएकाले सोबाट बचाउन उच्चारणको अभ्यासमा निरन्तर जोड दिनु आवश्यक छ ।
- शुद्ध एवम् स्पष्ट उच्चारण सिपको विकास गर्न र स्तरीय तथा मानक उच्चारण गर्न आवश्यक छ ।

- ठिक शब्दको ठिक उच्चारण गर्न गलत उच्चारणको निराकरण गर्न र हिज्जे वा वर्णविन्यास शुद्धिमा सहयोग पुऱ्याउन आवश्यक मानिन्छ ।
- मातृभाषी एवम् भाषिकागत उच्चार्य प्रभाव हटाउन लिखित अभिव्यक्तिलाई प्रभावकारी बनाउन ।

### २.५.३ उच्चारण शिक्षणका तरिकाहरू

कुनै पनि भाषालाई स्तरीय र सम्बद्ध बनाउनका लागि उक्त भाषाको हरेक पक्षमा शुद्धता, स्पष्टता र स्तरीयता हुनु आवश्यक हुन्छ । त्यसैले उक्त भाषामा शुद्धता स्पष्टता एवम् स्तरीयताका साथै प्रभावकारी पूर्ण बनाउनको लागि उच्चारण शिक्षणको चरणहरू देहाय बमोजिम बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

(क) उच्चारण शिक्षण गर्नु पूर्व पहिले विद्यार्थीहरूलाई उच्चारणका दृष्टिले समस्यापूर्ण भएका शब्द तथा क्षेत्रहरू पहिल्याई ती वर्णहरूको सूची तयार गर्नुपर्छ ।

(ख) मौखिक अभिव्यक्तिका क्रियाकलापमा सहभागी गराएर शिक्षण गर्ने जस्तैः ध्वनि, उच्चारण, कुराकानी संवाद प्रश्नोत्तर वस्तु, चित्र, कथाकथन, छलफल, वादविवाद, परिस्थिति, अभिनय चिठी लेखन आदि ।

(ग) खास गल्ती क्षेत्रका वर्णलाई अक्षर शब्द, वाक्य र अनुच्छेद तहमा समेत उच्चारण अभ्यास गराउन सकिन्छ । उदाहरण ढ को उच्चारण गर्ने अभ्यास गराउनु पऱ्यो भने ढ अक्षरको मात्र उच्चारण गर्न सकिन्छ ।

त्रुटि भएका र नभएका शब्दहरूलाई सँगै राखेर वर्ण रूप देखि सबै एकाइ सामूहिक वा व्यक्तिगत रूपमा उच्चारण गर्न लगाउने र अरुहरूलाई गल्ती छुट्याउन लगाएर फेरी शुद्ध उच्चारण गर्न लगाई अभ्यास गराउने ।

समान जस्ता कतिपय वर्णहरू भएका धेरै शब्द युग्महरू शिक्षकले खोजी तथा बहुली कक्षामा समुचित भिन्नताका साथ उच्चारण गरेर समय समयमा शिक्षार्थीहरूलाई सुनाइ रहनाले उनीहरूलाई त्यस्तै भिन्नताका साथ उच्चारण गर्न लगाउने वर्णगत भिन्नता पहिल्याउन लगाइ तिनलाई भिन्ना भिन्नै रूपमा उच्चारण गर्न सक्षम बनाउँदै लैजान सकिन्छ ।

अर्थ भेदक र त्यस्तो नभएका एउटा मात्र वर्णले विभेदित हुने शब्द युग्महरूको सङ्कलन गरी कक्षामा ती शब्दहरूको श्रुतिलेख गराउने शब्दहरू जस्तो सुनियो त्यस्तै लेख्न लगाउने त्यसपछि आफूले लेखेका शब्दहरूलाई कक्षामा पालैपालो पढ्न लगाउने ।

- उच्चारणमा कठिन हुने मिश्र र संयुक्त वर्णलाई टुक्र्याएर देखाइ दिने र सम्भव भएमा ती प्रत्येकले छुट्टाछुट्टै उच्चारण गरिदिने र शिक्षार्थीहरूलाई पनि सोही अनुरूप उच्चारण गर्न लगाउने ।
- उच्चारण शिक्षणका क्रममा गति र यतिको सन्तुलित प्रयोग सम्बन्धी अभ्यास समावेश गर्न सकिन्छ ।
- भाषाको प्रयोगमा हुने आघात, अनुतान जस्ता तत्त्वहरूको निर्देश गर्ने अर्थ वा अर्थगत जोड सम्बन्धी भिन्नता छुट्याउन लगाउने तथा सोहीअनुसारको उच्चारण गराउने ।
- जुनसुकै उच्चारणगत अभ्यास गराउँदा पनि शिक्षार्थीहरूमा सामूहिक (समग्र कक्षा अथवा समूहमा) र व्यक्तिगत दुवै तहमा गराउनु आवश्यक छ ।

### २.५.४ उच्चारण शिक्षणका कार्यकलाप

सिकाइ शिक्षणमा शुद्धोच्चारण क्षमताको विकासका लागि निम्नानुसारका कार्य गर्नु एवम् कार्यकलाप गराउनु उपयुक्त हुन्छ :

(क) उच्चारणगत समस्याको पहिचान र अभ्यास

यसअन्तर्गत विद्यार्थीहरूले गर्ने विविध खाले उच्चारणगत त्रुटिको पहिचान गरिन्छ ।

(ख) त्रुटि क्षेत्र निर्धारण र अभ्यास

यसअन्तर्गत विद्यार्थीहरूले गरेका उच्चारणगत त्रुटि क्षेत्रको निर्धारण गरिन्छ । यसबाट त्रुटि कुन क्षेत्रको हो भनेर थाहा पाउन सकिन्छ ।

(ग) सामग्री निर्माण र अभ्यास

यसअन्तर्गत उच्चारणगत त्रुटि निर्धारण निराकरणका लागि आवश्यक सामग्रीको निर्माण गरिन्छ ।

(घ) शब्द युग्म उच्चारण अभ्यास

यसअन्तर्गत विद्यार्थीहरूले गर्ने उच्चारणगत क्षेत्रका शब्दयुग्म दिइन्छ र तिनको उच्चारण अभ्यास गराइन्छ । यसोगर्दा ठिकसँग उच्चारण गरे नगरेको ख्याल गरिन्छ र आवश्यकताअनुसार पृष्ठपोषण उपलब्ध गराइन्छ ।

(ङ) श्रुतिलेख, उच्चारण र अभ्यास

यसअन्तर्गत विद्यार्थीहरूलाई विविध क्षेत्रका शब्दहरू मौखिक रूपमा सुनाइन्छ, सँगसँगै लेख्न लगाइन्छ ।

### २.५.५ शिक्षण क्रम

उच्चारण शिक्षणका सन्दर्भमा पौडेल (२०७०) ले निम्नानुसारको शिक्षण क्रम उल्लेख गरेका छन् :

१. उपयुक्त नमुना सामग्री प्रदर्शन वा सङ्केत वर्ण, पद, पदावली, वाक्य आदि

२. आदर्श उच्चारण र श्रवण (शिक्षक स्रोत व्यक्ति वा यान्त्रिक उपकरणद्वारा)

३. शिक्षकबाट गल्ती निर्देशन : पृष्ठपोषण र निराकरण

४. प्रयाप्त निराकृत र स्वतन्त्र अभ्यासद्वारा पुनर्वल

उच्चारण शिक्षणको प्रमुख प्रयोजन बोलाइ/मौखिक अभिव्यक्तिको व्यापक अभ्यासको लागि आधार तयार गर्न वा मौखिक अभिव्यक्ति प्रभावकारिताको विकासमा सघाउ पुऱ्याउनु पर्ने भएकाले यसलाई मौखिक अभिव्यक्ति बोलाइ/वक्तृता शिक्षणको अङ्ग बनाइनु पर्छ (पौडेल, ८२-८५) ।

### २.५.६ उच्चारण सम्बन्धी कमजोरीका कारणहरू

कुनै पनि भाषाको मौखिक अभिव्यक्ति वा सस्वर पठनपाठनमा उच्चारण सम्बन्धी विभिन्न कारणले कमजोरी हुने गर्दछन् । उमेर परिपक्वता, भाषा भाषिकागत प्रभाव संस्कृति रहनसहन सञ्चारका साधनको अभाव आदिले गर्दा पनि भाषिक उच्चारण सम्बन्धी कमजोरी हुने गर्दछन् । त्यस्तो ध्वनि वर्णहरूको उचित विन्यास गर्न नसक्नुका साथै मिल्दाजुल्दा उच्चारण लेखनले गर्दा पनि उच्चारण सम्बन्धी कमजोरी हुने देखिन्छ । उच्चारण सम्बन्धी कमजोरीका केही कारणहरू निम्नानुसार छन् :

- सिकाइको भाषिक पृष्ठभूमि तथा मातृभाषागत प्रभाव
- भाषिक वातावरण सम्बन्धी कमजोरी
- सचेतताको अभाव सम्बन्धी कमजोरी
- दक्ष शिक्षकको कमि
- अभ्यासको कमि
- अशिक्षित एवम् अनौपचारिक कुराकानी कै आधारमा
- वेवस्था गरी बोलाइ वा उच्चारण गर्नु ।
- बोलाई वा उच्चारणले पार्ने प्रभावको परिणामको मूल्याङ्कन नगर्नु आदि ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि कार्य निर्धारित उद्देश्यअनुसार के कसरी सुसम्पन्न गर्ने भन्ने तौर तरिका वा ढाँचा विधिमा उल्लेख गरेको पाइन्छ । विधिमा अध्ययन गरिने विषयमा नमुना छनोट, सामग्री वा तथ्याङ्क सङ्कलन, तयारी व्याख्या, विश्लेषण र प्रस्तुतीकरण जस्ता कार्यलाई निर्देशित गर्दछ । मूलतः क्षेत्रीय अध्ययन विधिमा आधारित यस अध्ययनलाई योजनावद्ध ढङ्गले अगाडि बढाउन निम्न विधि र प्रक्रिया अपनाइएको छ :

## ३.१ जनसङ्ख्या क्षेत्र

यस अध्ययनमा शैक्षिक सत्र २०७३/०७४ मा दार्चुला जिल्लाको कक्षा पाँचमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरू जनसङ्ख्याको रूपमा रहेका छन् ।

## ३.२ नमुना छनोट

शोधकार्य गर्नु जटिल र गाह्रो हुन्छ । त्यसैले शोध खोज गर्दा नमुना छनोट वा सङ्कलनको आवश्यकता पर्दछ । त्यसैले उक्त शोध कार्य पूरा गर्नको लागि सिङ्गो दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको एक एक अध्ययन गर्न सम्भव नभएकाले अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन गर्न नमुना छनोटका रूपमा दार्चुला जिल्लाकै १० वटा विद्यालयलाई प्रतिनिधि विद्यालयको रूपमा छानिएको छ । उक्त १० विद्यालयबाट प्रति विद्यालयबाट १० जनाका दरले सबै स्कुलबाट प्रतिनिधि नमुनाका रूपमा विद्यार्थीहरू पनि छनोट गरिएको छ । यस क्रममा कक्षा पाँचका पाठ्यपुस्तकबाट बालबालिकाको शब्द, वाक्य आदि उच्चारण क्षमता पत्ता लगाउन वर्ण अक्षर र सम्भावित त्रुटि हुने शब्दहरूको पूर्वानुमान गरेर शब्दहरू छनोट गरी उच्चारण गर्न लगाइएको छ । साथै एटा अनुच्छेद सस्वरवाचन गर्न लगाएको छ । यसै प्रक्रियाद्वारा नमुना छनोटगरी यो शोध कार्यलाई पूर्णता दिइएको छ ।

## ३.३ सामग्रीका स्रोत

प्रस्तुत शोध कार्यका लागि निम्न लिखित स्रोतबाट सामग्री सङ्कलन गरिएको छ :

### (क) प्राथमिक स्रोत

अध्ययनमा प्राथमिक स्रोतका रूपमा पूर्व निर्धारित सङ्ख्याका विद्यार्थीहरूलाई पाठ्यपुस्तकबाट र पाठ्यपुस्तकभन्दा बाहिरबाट विभिन्न शब्दहरू छनोट र सङ्कलन गरी उच्चारण गर्न लगाई रुजु गरेका रुजुसूची तथा उच्चारणका क्रममा विद्यार्थीहरूले सही उच्चारण गरे नगरेको पहिचान गरी सामग्रीको रेकर्ड गरिएका सामग्री नै प्रस्तुत अध्ययनका प्राथमिक स्रोत हुन् ।

### (ख) द्वितीयक स्रोत

अध्ययनका लागि द्वितीयक स्रोतका रूपमा उच्चारणसम्बन्धी सान्दर्भिक शोधपत्र, पत्रपत्रिका, पुस्तकहरू आदिको अवलम्बन गरिएको छ । त्यस्तै शोध कार्यलाई परिणाममुखी बनाउन सम्बन्धित भाषाका विज्ञहरू, गुरुवर्ग तथा शोध निर्देशकको सल्लाह र मार्गदर्शनलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

## ३.४ सामग्री निर्माण

### (क) दृष्टांश सामग्री

सम्बन्धित कक्षा पाँचको पाठ्यपुस्तकबाट उच्चारणका दृष्टिले कठिनाइपूर्ण वर्णहरू छनोट गरी विद्यार्थीहरूलाई उच्चारण गर्न लगाइयो । (जस्तैः सुर, लय, आघात, हलन्त, अजन्त आदि)

### (ख) अदृष्टांश सामग्री

सम्बन्धित कक्षा पाँचको पाठ्यपुस्तकभन्दा बाहिरका अन्य स्रोतहरूबाट विद्यार्थीहरूको तह र स्तर अनुकूल उच्चारणका दृष्टिले कठिन शब्दहरू छनोट गरी उच्चारण गर्न लगाई उच्चारण क्षमताको अध्ययन गरियो ।

## ३.५ परीक्षण कार्यान्वयन

विभिन्न स्रोतहरूबाट सङ्कलन गरिएको सामग्रीहरूलाई विद्यार्थीहरू समक्ष उच्चारण गर्न लगाइ पूर्वपरीक्षण गरियो । पूर्वपरीक्षणबाट प्राप्त नतिजाको आधारमा उपयुक्त सामग्रीहरूको छनोट गरी विद्यार्थीहरू समक्ष उच्चारण गर्न लगाइयो ।

## ३.६ सामग्री सङ्कलन

प्रस्तुत अध्ययनका क्रममा आवश्यक सामग्री सङ्कलनका लागि दार्चुला जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूलाई उपयोग गरिएको छ । उच्चारणका दृष्टिले त्रुटि हुन सक्ने ५० ओटा शब्दहरू छानी उच्चारण गर्न लगाइएको छ । उच्चारणलाई टेप रेकर्डमा रेकर्ड गरिएको छ, साथै एउटा अनुच्छेद सस्वर पठन गर्न लगाइएको छ ।

## ३.७ विश्लेषण प्रक्रिया

दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमता, संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता तथा छात्र र छात्राको उच्चारण क्षमतालाई छुट्टाछुट्टै तालिकाबद्ध गरियो । परीक्षणको क्रममा १ विद्यार्थीहरूको उच्चारण गरेका शब्दहरू सुनेर सही र गलत छुट्याइएको छ । अनुच्छेद तथा विभिन्न शब्दहरूलाई रेकर्ड गरी तिनै रेकर्ड सुनेर सही र गलत निर्क्योल गरिएको छ । प्रतिनिधि नमुनाको रूपमा छनोटमा परेका एउटा विद्यालयको १० जना विद्यार्थीहरूमा मात्र उच्चारण गर्न प्रेरित गरी परीक्षण सञ्चालन गरिएको छ । अन्त्यमा विद्यार्थीहरूको उत्तरपुस्तिका जाँची रेकर्ड सुनी उच्चारण अङ्कन गरिएको छ ।

प्रतिशत मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको छुट्टाछुट्टै छात्र र छात्राको छुट्टा छुट्टै व्याख्या विश्लेषण गरी तुलनात्मक अध्ययन गरिएको छ । यसरी समग्र विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमता राम्रो वा नराम्रो के रहेछ भनी थाहा पाउन तुलनात्मक अध्ययन गरिएको छ ।

शोधकार्य अध्ययनका क्रममा निम्नानुसार सुत्रहरू प्रयोग गरिएको छ :

१. मध्यमान

$$\overline{X} = \frac{\phi X}{N}$$

$\overline{X}$ = मध्यमान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

२. मानक विचलन

$$\exists| = \frac{\sqrt{\phi X^2}}{N} \;|$$

∃|= मानक विचलन

$\phi X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

३. प्रतिशत

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R|= तोकिएको श्रेणीको प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा सङ्ख्या

उपर्युक्त सुत्र जसमा $\overline{X}$ भनेको मध्यमान, X भनेको प्राप्ताङ्क र N भनेको जम्मा सङ्ख्या हो । मानक विचलनको सुत्र $\frac{\sqrt{\phi X^2}}{N}$ प्रयोग गर्दा जसमा ∃|मानक विचलन हो । $\phi X^2$ भनेको प्राप्ताङ्कको कुल योगको वर्ग हो, जसमा N को अर्थ जम्मा सङ्ख्या हुन्छ, त्यसैगरी प्रतिशत निकाल्दा खेरी $P = \frac{R}{T} \times 100$ जसमा P को अर्थ प्रतिशत हुन्छ, R को अर्थ तोकिएको श्रेणीको प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी र T को अर्थ जम्मा सङ्ख्यालाई बुझाउँछ ।

## ३.८ शोधको रूपरेखा

### अध्याय एक : शोध परिचय

प्रस्तुत शोधकार्यको शोध परिचय खण्डमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, सान्दर्भिकता र उपादेयता, अध्ययनको परिसीमा र शोधपत्रको रूपरेखा रहेका छन् ।

### अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

प्रस्तुत शोधकार्यको पूर्वकार्यको पुनरावलोकन र पुनरावलोकनको महत्त्व, सैद्धान्तिक प्रारूप भाषाको परिचय, दार्चुलेली भाषाको परिचय, उच्चारणको परिचय, उच्चारणको सैद्धान्तिक प्रारूप, उच्चारणको आवश्यकता र महत्त्व, उच्चारण शिक्षणका कार्यकलाप तथा उच्चारण शिक्षणको क्रम, उच्चारण सम्बन्धी कमजोरीका कारणहरू प्रस्तुत गरिएको छ ।

### अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

प्रस्तुत शोध अध्ययनको अध्ययन विधि र प्रक्रिया अध्यायमा जनसङ्ख्या नमुना छनोट, सामग्री निर्माण, पूर्व परीक्षण, सामग्रीको मानकीकरण, परीक्षणको कार्यान्वयन, शोध विधि, अध्ययनको प्रक्रिया र सामग्री सङ्कलनका स्रोत प्रस्तुत गरिएको छ ।

### अध्याय चार : दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

प्रस्तुत शोधको व्याख्या तथा विश्लेषण अध्यायमा दार्चुला जिल्लाको दार्चुलेली भाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमताको स्थिति, सामुदायिक र संस्थागत विद्यालयका आधारमा उच्चारण क्षमताको स्थिति, प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको उच्चारण क्षमताको स्थिति प्रस्तुत गरिएको छ ।

### अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको उच्चारण क्षमता

यस अध्यायअन्तर्गत विद्यार्थीको उच्चारण क्षमतालाई विद्यालय प्रकृति सामुदायिक र संस्थागत विद्यालयका आधारमा उच्चारण क्षमताको अध्ययन, प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा उच्चारण क्षमताको स्थिति प्रस्तुत गरिएको छ ।

**अध्याय छ : लैङ्गिताका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमता**

यस अध्यायअन्तर्गत लैङ्गिकताका आधारमा विद्यार्थीहरूको उच्चारण छात्र र छात्रामा छुट्याई तुलनात्मक रूपमा व्याख्या, विश्लेषण र तालिकीकरण गरिएको छ ।

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता**

शोधपत्रको अध्याय सातमा समग्र अध्ययनको सारांश निष्कर्ष र उपयोगितालाई समावेश गरिएको छ । त्यसै गरी शोधपत्रको अन्त्यमा सन्दर्भसूची, परिशिष्ट र व्यक्तिवृत्त समेत समावेश गरी शोधपत्रलाई अन्तिम रूप दिइएको छ ।

# अध्याय चार

# दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

नेपाल एक भाषिक विविधताले भरिपूर्ण देश हो । भाषिक विविधताको प्रभाव उक्त देशका विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता कस्तो रहन्छ भन्ने कुरा अनुसन्धानको विषय बनेको छ । प्रस्तुत शोधपत्रमा दार्चुला जिल्लामा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमतालाई अध्ययनको क्षेत्र बनाइएको छ । प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिको लागि दार्चुला जिल्लाका पाँच वटा सामुदायिक विद्यालय र पाँच वटा संस्थागत विद्यालय गरी दश वटा विद्यालयका सय जना विद्यार्थीहरू नमुनाका रूपमा छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनका क्रममा पचास जना छात्र र पचास जना छात्रा दार्चुलेली भाषी विद्यार्थीहरूको समग्र उच्चारण क्षमतालाई औसत अङ्क र स्तरीय भिन्नतामा बदली तिनीहरूलाई आपसी तुलनाका आधारमा निष्कर्ष निकालिएको छ ।

## ४.१ समग्र विद्यार्थीहरूको उच्चारण क्षमता

यस अध्ययन कार्यमा दार्चुला जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । ७५ पूर्णाङ्कको परीक्षणमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग, औसत अडक, मानक विचलन, सबैभन्दा बढी र कम प्राप्ताङ्कलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १**

**दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमता**

| | |
|---|---|
| प्राप्ताङकको कुल योग | ४२०४ |
| औसत अङ्क | ४१.८ |
| मानक विचलन | १३.२९ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ६१ |
| सबैभन्दा कम प्राप्ताङ्क | १८ |
| कुल पूर्णाङ्क | ७५ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

प्रस्तुत तालिकामा ७५ पूर्णाङ्कको परीक्षामा एकसय जना विद्यार्थीहरूले प्राप्त गरेको कुल योग ४२०४ रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ४१.८ रहेको छ । उक्त औसत अङ्क कुल पूर्णाङ्कको ७५ प्रतिशतभन्दा माथि रहेको छ । मानक विचलन १३.२९ रहेको छ । परीक्षामा सबैभन्दा बढी ल्याउनेको अङ्क ६१ र सबैभन्दा कम ल्याउने अङ्क १८ रहेको छ । उक्त तथ्याङ्कको कक्षा पाँचमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.२ प्रतिशतको आधारमा समग्र विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमताको स्थिति

तलको तालिकामा प्रतिशतको आधारमा समग्र विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको स्थितिलाई देखाइएको छ ।

**तालिका २**

**प्रतिशतको आधारमा स्तरीय नेपाली उच्चारण क्षमता**

| जम्मा विद्यार्थी | ५० प्रतिशतसम्म ल्याउने | ५१ देखि ६०% सम्म ल्याउने | ६१ देखि ७०% सम्म ल्याउने | ७१ देखि ८०% सम्म ल्याउने | ८१ देखि माथि ल्याउने |
|---|---|---|---|---|---|
| १०० | १३ | १९ | २१ | ३१ | १६ |


यस तालिकाअनुसार प्रतिनिधि नमुना छनोट कुल सङ्ख्या १०० मध्ये प्रतिनिधि जनसङ्ख्याका आधारमा पाँच श्रेणीमा निर्धारण गरिएको छ, जसअनुसार ५० प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या १३ रहेको छ । ५१ देखि ६० प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या १९ रहेको पाइन्छ । ६१ देखि ७० प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या २१ रहेको छ । ७१ देखि ८० प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या ३१ रहेको छ । ८१ देखि माथि ल्याउने विद्यार्थी सङ्ख्या १६ रहेको छ ।

प्रस्तुत अध्ययनमा न्यूनतम मापन गरिएको ५० प्रतिशतसम्म प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १३ रहेको छ भने सबैभन्दा बढी ८१ भन्दा बढी अङ्क प्राप्त गरी स्तरीय नेपाली उच्चारण क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १६ रहेको देखिन्छ ।बिचका आधारबिन्दु ७१ देखि ८० प्रतिशतसम्म प्राप्त गरी अर्थात् सबैभन्दा बढी उच्चारण क्षमता

भएका विद्यार्थी सङ्ख्या ३१ रहेको पाइन्छ । यसले गर्दा सम्पूर्ण दार्चुलेली भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

माथिको तालिकाअनुसार प्रतिशतका आधारमा समग्र दार्चुलेली भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमताको स्थितिलाई वृत्त चित्रमा देखाइएको छ ।

**चित्र १**
**प्रतिशतको आधारमा स्तरीय नेपाली उच्चारण क्षमता**




माथिको वृत्त चित्रमा दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरूको स्तरीय नेपाली भाषा उच्चारण क्षमतालाई प्रतिशतका आधारमा प्राप्त परिमाणलाई ३६० डिग्रीको कोणको आधारमा प्रस्ट गरिएको छ । ५० प्रतिशतसम्म ल्याउने १३ प्रतिशत, ५१ देखि ६० प्रतिशतसम्म ल्याउने १९ प्रतिशत, ६१ देखि ७० प्रतिशत ल्याउने २१ प्रतिशत, ७१ देखि ८० प्रतिशतसम्म ल्याउने ३१ प्रतिशत र ८१ देखि माथि ल्याउने १६ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

## ४.३ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको उच्चारण क्षमताको स्थिति

तलको तालिकामा समग्र विद्यार्थीहरूको उच्चारण क्षमताको स्थितिलाई मध्यमान र मानक विचलनका आधारमा प्रस्तुत गरिएको छ :

**तालिका ३**

**मध्यमान र मानक विचलनका आधारमा उच्चारण क्षमता**


| कुल विद्यार्थी | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | मध्यमानभन्दा माथि |
|---|---|---|---|---|
| १०० | ४१.८ | १३.२९ | ४१ | ५९ |

दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमताको अध्ययन क्रममा दार्चुला जिल्लाका पाँचवटा सामुदायिक विद्यालय र पाँच वटा संस्थगत विद्यालय गरी जम्मा दश ओटा विद्यालयका सय जना दार्चुलेली भाषी विद्यार्थीहरूमा गरिएको परीक्षणमा विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कलाई आधार मानेर हेर्दा समग्र विद्यार्थीहरूको समग्र मध्यमान ४१.८ रहेको छ, जुन कुल पूर्णाङ्क ७५ प्रतिशतभन्दा बढी रहेको छ । त्यसैगरी समग्र मानक विचलन १३.२९ रहेको देखिन्छ, जसमा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ४१ रहेको देखिन्छ । त्यस्तै मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ५९ रहेको देखिन्छ । उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा मध्यमानभन्दा बढी भएकाले दार्चुलेली भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार मध्यमानभन्दा कम र मध्यमानभन्दा बढी अङ्क र प्रतिशतलाई निम्नानुसार वृत्त चित्रमा देखाइएको छ ।

**चित्र २**

**मध्यमान र मानक विचलनका आधारमा उच्चारण क्षमता**




माथिका वृत्त चित्रमा दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत १०० जना दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमतालाई प्रतिशतका आधारमा प्राप्त परिणामलाई ३६० डिग्रीको कोणको आधारमा प्रस्ट पारिएको छ । यसअन्तर्गत ५९ प्रतिशत विद्यार्थीको उच्चारण क्षमता उच्च र ४१ प्रतिशत विद्यार्थीहरूको उच्चारण क्षमता निम्न रहेको देखिन्छ ।

# अध्याय पाँच

# विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको उच्चारण क्षमता

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरूको समग्र उच्चारण कस्तो रहेको छ भनी थाहा पाउन प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण यस शीर्षकमा गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको समग्रमा गरेको प्राप्ताङ्क विवरणलाई व्याख्या विश्लेषण गरिएको छ ।

## ५.१ सामुदायिक र संस्थागत विद्यालयका आधारमा उच्चारण क्षमता

प्रस्तुत शोध कक्षा पाँचमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीको उच्चारण क्षमतामा आधारित रहेको छ । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमतामा कस्तो विविधता देखा पर्दछ भन्ने कुरा अध्ययनको विषय रहेको छ । प्रस्तुत शोधमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमतालाई तालिकाको आधारमा स्पष्ट पार्दै विश्लेषण गरिएको छ :

**तालिका ४**

**सामुदायिक र संस्थागत विद्यालयका आधारमा उच्चारण**

| क्षमताको स्थिति | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २०९५ | २०४४ |
| औसत अङ्क | ४२.४ | ४० |
| मानक विचलन | १२.५७ | १४.५६ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ६१ | ६१ |
| सबैभन्दा कम प्राप्ताङ्क | १९ | १८ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

माथिको तालिकामा प्रस्तुत गरेअनुसार सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग २०९५ औसत अङ्क ४२.४ र मानक विचलन १२.५७ रहेको छ । त्यसै गरी संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेको कुल प्राप्ताङ्क २०४४ मध्यमान ४० मानक विचलन १४.५६ रहेको छ । औसत अङ्क जति बढी भयो त्यति नै उच्चारण क्षमता बढी हुन्छ । संस्थागत विद्यालयको

विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको औसत अङ्क बढी भएकाले उनीहरूको समग्र उच्चारण क्षमता राम्रो रहेको प्रस्ट हुन्छ ।

## ५.२ प्रतिशतका आधारमा सामुदायिक विद्यालयमा अधययनरत विद्यार्थीहरूको उच्चारण क्षमताको स्थिति

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका दार्चुलेली भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ५**

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण**

| क्षमता जम्मा विद्यार्थी | ५० प्रतिशतसम्म ल्याउने | | ५१ देखि ६०% सम्म ल्याउने | | ६१ देखि ७०% सम्म ल्याउने | | ७१ देखि ८०% सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | ५ | १० | ५ | १० | ६ | १२ | ८ | १६ | २६ | ५२ |

उपर्युक्त तालिकाअनुसार प्रतिशतका आधारमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको नेपाली उच्चारण क्षमतालाई पाँच श्रेणीमा विभाजन गरिएको छ । उक्त अध्ययनमा पचास प्रतिशतसम्म ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५ र १० प्रतिशत रहेको छ । त्यसै गरी ५१ देखि ६० प्रतिशतसम्म ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५ र १० प्रतिशत रहेको छ । त्यसै गरी ६१ देखि ७० प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या ६ र १२ प्रतिशत रहेको छ । त्यसै गरी ७१ देखि ८० प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या ८ र १६ प्रतिशत रहेको छ । त्यसै गरी ८१ देखि माथि ल्याउने विद्यार्थी सङ्ख्या २६ र ५२ प्रतिशत रहेको छ ।


प्रस्तुत अध्ययनमा न्यून्तम श्रेणीमा मापन गरिएको ५० प्रतिशतभन्दा कम ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५ र १० प्रतिशत रहेको छ भने सबैभन्दा बढी अर्थात् ८१ प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या २६ र ५२ प्रतिशत रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमतालाईबिचको आधार बिन्दु ६१ देखि ७० प्रतिशतसम्म ल्याउने विद्यार्थीहरूलाई मान्न सकिन्छ, जसमा ६ जना विद्यार्थी र १२ प्रतिशतसम्म रहेको देखिन्छ । त्यसैले दार्चुला जिल्लाका सामुदायिक विद्यालयका दार्चुलेली

भाषी विद्यार्थीहरूको स्तरीय नेपाली भाषा उच्चारण क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

माथिको तालिकाअनुसार प्रतिशतका आधारमा सामुदायिक विद्यालयका दार्चुलेली भाषी ५० जना विद्यार्थीहरूको स्तरीय नेपाली भाषा उच्चारण क्षमताको स्थितिलाई निम्नानुसार वृत्त चित्रमा देखाइएको छ ।

**चित्र ३**

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण**




माथिको वृत्त चित्रमा दार्चुला जिल्लाका सामुदायिक विद्यालयका दार्चुलेली भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमतालाई प्रतिशतका आधारमा प्राप्त परिणामलाई ३६० डिग्रीको कोणको आधारमा प्रस्ट पारिएको छ । ५० प्रतिशतसम्म ल्याउने १० प्रतिशत विद्यार्थी, ५१ देखि ६० प्रतिशत ल्याउने १० प्रतिशत विद्यार्थी ६१ देखि ७० प्रतिशतसम्म ल्याउने १२ प्रतिशत विद्यार्थी, ७१ देखि ८० प्रतिशतसम्म ल्याउने १६ प्रतिशत विद्यार्थी र ८१ देखि माथि ल्याउने ५२ प्रतिशत विद्यार्थी रहेका छन् । यस वृत्त चित्रको विश्लेषण गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमता सन्तोषजनक रहेको छ ।

## ५.३ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमताको स्थिति

प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ६**


**संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमताको स्थिति**

| जम्मा विद्यार्थी | ६० प्रतिशतसम्म ल्याउने | | ६१ देखि ७०% सम्म ल्याउने | | ७१ देखि ८०% सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १२ | २४ | ४ | ८ | ६ | १२ | २८ | ५६ |

उपर्युक्त तालिकाअनुसार संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको उच्चारणगत क्षमताको स्थितिलाई हेर्दा ६० प्रतिशतसम्म ल्याउने विद्यार्थीहरूको सङ्ख्या १२ र २४ प्रतिशत रहेको छ । ६१ देखि ७० सम्म ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४ र ८ प्रतिशत रहेको छ । ७१ देखि ८० सम्म ल्याउने विद्यार्थीहरूको सङ्ख्या ६ र १२ प्रतिशत रहेको छ । ८१ देखि माथि ल्याउने विद्यार्थीको सङ्ख्या २८ र ५६ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा दार्चुला जिल्लाका संस्थागत विद्यालयका विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

माथिको तालिकाअनुसार प्रतिशतको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको नेपाली उच्चारणगत क्षमताको स्थितिलार्य वृत्त चित्रमा देखाइएको छ ।

चित्र ४
संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमताको स्थिति




माथिको वृत्त चित्रमा दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत संस्थागत विद्यालयका ५० जना दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारणगत क्षमतालाई प्रतिशतका आधारमा प्राप्त परिणामलाई ३६० डिग्री कोणको आधारमा प्रस्ट पारिएको छ । ६० प्रतिशतसम्म ल्याउने २४ प्रतिशत विद्यार्थी, ६१ देखि ७० प्रतिशतसम्म ल्याउने ८ प्रतिशत विद्यार्थी, ७१ देखि ८० प्रतिशतसम्म ल्याउने १२ प्रतिशत विद्यार्थी, ८१ देखि माथि ल्याउने ५६ प्रतिशत विद्यार्थी रहेको देखिन्छ । यस वृत्त चित्रको विश्लेषणअनुसार संस्थागत विद्यालयको विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

## ५.३ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उच्चारणगत क्षमताको स्थिति

तलको तालिकामा मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उच्चारणगत क्षमतालाई प्रस्तुत गरिएको छ :

**तालिका ७**


**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४२.४ | १२.५७ | २३ | ४६ | २७ | ५४ |

माथिको तालिकाअनुसार दार्चुला जिल्लाका सामुदायिक विद्यालयका ५० जना दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारणगत क्षमताको मध्यमान ४२.४ र मानक विचलन १२.५७ रहेको छ, उक्त तथ्याङ्कअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ४२.४ लाई आधार मानी हेर्दा मध्यमानभन्दा तल उच्चारण क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २३ जना र ४६ प्रतिशत रहेको छ । मध्यमानभन्दा उच्चारण क्षमता बढी भएका विद्यार्थीहरूको सङ्ख्या २७ र ५४ प्रतिशत रहेको देखिन्छ । मानक विचलन १२.५७ रहेको देखिन्छ । मानक विचलनलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको उच्चारण क्षमताको स्थिति सन्तुलित रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको नेपाली भाषा प्रयोगमा उच्चारण क्षमताको स्थितिलाई तल चित्रमा देखाइएको छ :

**चित्र ५**
**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता**




माथिको वृत्त चित्रअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको उच्चारण क्षमतालाई मध्यमानका आधारमा प्रस्तुत गरिएको छ । समग्र मध्यमान ४२.४ रहेको छ । मध्यमानभन्दा कम ४६ प्रतिशत मध्यमानभन्दा बढी ५४ प्रतिशत रहेको पाइयो । मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल रहने विद्यार्थीको सङ्ख्यामा केही अन्तर रहेको पाइयो । यस वृत्त चित्रमा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि विद्यार्थीहरूको सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको उच्चारण क्षमता सन्तोषजनक रहेको पाइयो ।

## ५.४ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारणको स्थिति

तलको तालिकामा मध्यमान र मानक विचलनका आधारमा संस्थगत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमतालाई प्रस्तुत गरिएको छ :

**तालिका ८**

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका**

**विद्यार्थीहरूको उच्चारण क्षमता**


| कुल विद्यार्थी | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४० | १४.५६ | २२ | ४४ | २८ | ५६ |

माथिको तालिकाअनुसार दार्चुला जिल्लाका संस्थागत विद्यालयका ५० जना दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारणगत क्षमताको मध्यमान ४० र मानक विचलन १४.५६ रहेको छ ।

उक्त तथ्याङ्कअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ४० लाई आधार मानी हेर्दा मध्यमानभन्दा तल २२ र ४४ प्रतिशत रहेको देखिन्छ । मानक विचलन १४.५६ रहेको छ, मध्यमानभन्दा माथि विद्यार्थीहरूको सङ्ख्या २८ र ५६ प्रतिशत रहेको देखिन्छ । मानक विचलनलाई हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमताको स्थिति राम्रो देखिन्छ ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको नेपाली भाषा प्रयोगमा उच्चारण क्षमताको स्थितिलाई वृत्त चित्रमा देखाइएको छ ।

**चित्र ६**
**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता**




माथिको वृत्त चित्रअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको स्तरीय नेपाली भाषा प्रयोगमा उच्चारण क्षमतालाई मध्यमानका आधारमा प्रस्तुत गरिएको छ । समग्र मध्यमान ४० रहेको छ, मध्यमानभन्दा माथि ५६ प्रतिशत र विद्यार्थी मध्यमानभन्दा तल ४४ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

## ५.५ सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूबिचको उच्चारण क्षमताको तुलना

दार्चुला जिल्लामा कक्षा पाँच्मा अध्ययनरत सामुदायिक विद्यालयका ५० जना दार्चुलेली भाषी विद्यार्थी र संस्थागत विद्यालयका ५० जना दार्चुलेली भाषी विद्यार्थी गरी जम्मा १०० जना विद्यार्थीहरूको उच्चारण क्षमताको तुलना सङ्ख्या प्रतिशत मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक साथै तिनीहरूको सार्थक भिन्नतालाई पत्ता लगाउन तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ९**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूबिचको उच्चारण क्षमताको तुलना**


| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय | ५० | ४२.४ | ४१.८ | १२.५७ | १३.२९ |
| संस्थागत विद्यालय | ५० | ४० | | १४.५६ | |

उपर्युक्त तालिकाअनुसार सामुदायिक विद्यालयका ५० जना र संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूलाई समावेश गरिएकोछ । उक्त तालिकामा समग्र मध्यमान ४२.४ रहेको छ भने समूहगत रूपमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ४१.८ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ४० रहेको छ । त्यसै गरी उक्त तालिकामा समग्र मानव विचलन १३.२९ रहेको छ भने समूहगत रूपमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.५७ र संस्थागत विद्यालयका विद्यार्थीको मानक विचलन १४.५६ रहेको देखिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयका आधारमा समग्र मध्यमान ४१.८ लाई आधार मानी सामुदायिक विद्यालयका विद्यार्थीहरूको र संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमताको तुलनात्मक विश्लेषण गर्दा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानको अन्तर १.८ रहेको देखिन्छ । समग्रमा यस अध्ययनमा संस्थागत विद्यालयका अध्ययनरत विद्यार्थीहरूको स्तरीय नेपाली भाषाको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलनको अन्तर १.९९ रहेको देखिन्छ । माथिको तालिकाअनुसार सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमताको स्तम्भ चित्रमा देखाइएको छ ।

चित्र ७
सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बिचको उच्चारण क्षमता




माथिको स्तम्भ चित्रमा सामुदायिक विद्यालयका विद्यार्थी र संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमतालाई तुलना गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ४२.४ र मानक विचलन १२.५७ रहेको छ। संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ४० र मानक विचलन १४.५६ रहेको छ। सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमता तुलनात्मक रूपमा अध्ययन गर्दा सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चारण क्षमतामा केही अन्तर रहेको पाइन्छ । संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयको उच्चारण क्षमता राम्रो रहेको पाइयो ।

# अध्याय छ

# लैङ्गिकताका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन

दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरूमा छात्राहरूको उच्चारण क्षमता राम्रो अथवा छात्रहरूको उच्चारण क्षमता राम्रो भन्ने उद्देश्य यस अध्ययनको रहेको छ । लैङ्गिकताका आधारमा छात्र र छात्राहरू मध्ये कसको उच्चारण क्षमता बढी रहेको छ भन्ने कुरा थाहा पाउन प्राप्त तथ्याङ्कका आधारमा व्याख्या विश्लेषण गरिएको छ । दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत पचास जना छात्र र पचास जना छात्रा विद्यार्थी छनोट गरी स्तरीय नेपाली भाषा उच्चारण क्षमताको तुलना सङ्ख्या प्रतिशत मध्यमान मानक विचलनका आधारमा तुलनात्मक अध्ययनको साथै तिनीहरूको सार्थक भिन्नतालाई पत्ता लगाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ६.१ लैङ्गिकताका आधारमा विद्यार्थीको उच्चारण क्षमता

प्रस्तुत शोध उच्चारण क्षमता लैङ्गिकताको कस्तो प्रभाव पर्दछ भन्ने विषयमा आधारित रहेको छ । छात्रा अथवा छात्रहरूमा कसको उच्चारण क्षमता राम्रो भन्ने उद्देश्यका साथ प्रस्तुत शोध तयार पारिएको छ । त्यसैले प्रस्तुत शोधपत्रमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा उच्चारण क्षमतालाई तालिकाका माध्यमबाट निम्नानुसार स्पष्ट पार्दै व्याख्या विश्लेषण गरिएको छ :

**तालिका १०**


**लैङ्गिकताका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको स्थिति**

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| छात्रा | ५० | ३९.६ | ४२.४ | १२.७० | १३.२९ |
| छात्र | ५० | ३८.८ | | १३.९४ | |

उपर्युक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूमा लैङ्गिक आधारमा ५० जना छात्र र ५० छात्रा गरी १०० जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । उक्त तालिकामा समग्र मध्यमान ४२.८ रहेको छ भने समूहमा छात्रहरूको ३९.६ र छात्राहरूको ३८.८ मध्यमान रहेको देखिन्छ । त्यसै गरी उक्त तालिकामा समग्र मध्यमान ४२.८ लाई आधार मानी छात्र

र छात्राको उच्चारण क्षमताको तुलनात्मक विश्लेषण गर्दा छात्राभन्दा छात्रहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ । छात्र र छात्राको मध्यमानको अन्तर १.१ रहेको देखिन्छ । समग्रमा यस अध्ययनमा मध्यमानका आधारमा छात्र र छात्राहरूकोबिच देखा परेको उच्चारण क्षमता खासै धेरै अन्तर नदेखिएकाले छात्र र छात्राको समूहगत रूपमा विद्यार्थीहरूको उच्चारण क्षमता समानता नै रहेको देखिन्छ । छात्र र छात्राहरूको मानक विचलनको अन्तर १.२४ रहेको छ । माथिको तालिकाअनुसार लैङ्गिक आधारमा उच्चारण क्षमताको स्थितिलाई तलको स्तम्भ चित्रमा देखाइएको छ ।

**चित्र ८**
**लैङ्गिकताका आधारमा विद्यार्थीहरूको उच्चारण क्षमताको स्थिति**




माथिको स्तम्भ चित्रमा छात्र र छात्राहरूको उच्चारण क्षमतालाई तुलना गरिएको छ । छात्राहरूको मध्यमान ३९.६ र मानक विचलन १२.७० रहेको छ । छात्रहरूको मध्यमान ३८.८ र मानक विचलन १३.९४ रहेको छ । लैङ्गिकताका आधारमा छात्रको भन्दा छात्राको उच्चारण क्षमता उच्च रहेको पाइयो ।

## ६.२ प्रतिशतका आधारमा छात्रहरूको उच्चारण क्षमताको स्थिति

तलको तालिकामा छात्रहरूको उच्चारण क्षमतालाई प्रतिशतका आधारमा प्रस्तुत गरिएको छ :

## तालिका ११


### प्रतिशत आधारमा छात्रहरूको उच्चारण क्षमताको स्थिति

| कूल विद्यार्थी | ५० प्रतिशतसम्म ल्याउने | | ५१ देखि ६०% सम्म ल्याउने | | ६१ देखि ७०% सम्म ल्याउने | | ७१ देखि ८०% सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | ६ | १२ | ४ | ८ | ७ | १४ | ९ | १८ | २४ | ४८ |

उपर्युक्त तालिकालाई पाँच श्रेणीमा निर्धारण गरी उच्चारण क्षमताको अध्ययनमा संलग्न ५० जना छात्रहरूमध्ये ५० प्रतिशतसम्म ल्याउने छात्रहरूको सङ्ख्या ६ र १२ प्रतिशत रहेको छ । ५१ देखि ६० प्रतिशत ल्याउने छात्रहरूको सङ्ख्या ४ र ८ प्रतिशत रहेको छ । ६१ देखि ७० प्रतिशत ल्याउने छात्रहरूको सङ्ख्या ७ र १४ प्रतिशत रहेको छ । ७१ देखि ८० प्रतिशत ल्याउने छात्रहरूको सङ्ख्या ९ र १८ प्रतिशत रहेको छ । ८१ देखि माथि ल्याउने छात्रहरूको सङ्ख्या २४ र ४८ प्रतिशत रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार प्रतिशतका आधारमा छात्रहरूको नेपाली भाषा प्रयोगमा उच्चारण क्षमताको स्थितिलाई वृत्त चित्रमा देखाइएको छ ।

**चित्र ९**
**प्रतिशत आधारमा छात्रहरूको उच्चारण क्षमताको स्थिति**



माथिको वृत्त चित्रमा दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत ५० जना दार्चुलेली भाषी छात्र विद्यार्थीहरूको नेपाली उच्चारण क्षमतालाई प्रतिशतका आधारमा प्राप्त परिणामलाई ३६० डिग्री कोणको आधारमा प्रस्ट गरिएको छ । ५० प्रतिशतसम्म ल्याउने १२ प्रतिशत विद्यार्थी, ५१ देखि ६० प्रतिशतसम्म ल्याउने ८ प्रतिशत विद्यार्थी, ६१ देखि ७० प्रतिशतसम्म ल्याउने १४ प्रतिशत विद्यार्थी, ७१ देखि ८० प्रतिशतसम्म ल्याउने १८ प्रतिशत र ८१ देखि माथि ल्याउने ४८ प्रतिशत विद्यार्थी रहेका छन् ।

## ६.३ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको उच्चारण क्षमताको स्थिति

तलको तालिकामा मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको उच्चारण क्षमतालाई प्रस्तुत गरिएको छ ।

**तालिका १२**


**मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको उच्चारण क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४०.८ | १५.९० | २३ | ४६ | २७ | ५४ |

माथिको तालिकाअनुसार नमुना छनोटमा समेटिएका ५० जना छात्र विद्यार्थीहरूको उच्चारण क्षमताको मध्यमान ४०.८ र मानक विचलन १५.९० रहेको छ । उक्त तथ्याङ्कअनुसार समग्र छात्र विद्यार्थीहरूको मध्यमान ४२.४ लाई आधार मानी हेर्दा मध्यमानभन्दा तल नेपाली भाषा उच्चारण क्षमता भएका छात्रहरूको सङ्ख्या २३ र ४६ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि उच्चारण क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २७ र ५४ प्रतिशत रहेको देखिन्छ । मानक विचलन १५.९० रहेको छ ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको उच्चारण क्षमताको स्थितिलाई निम्नानुसार वृत्त चित्रमा देखाइएको छ :

**चित्र १०**
**मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको**
**उच्चारण क्षमता**




माथिको वृत्त चित्रअनुसार छात्र विद्यार्थीहरूको उच्चारण क्षमतालाई मध्यमानका आधारमा प्रस्तुत गरिएको छ । समग्र मध्यमान ४२.४ रहेको छ । मध्यमानभन्दा तल ४६ प्रतिशत र मध्यमानभन्दा माथि ५४ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा तलको प्रतिशत र मध्यमानभन्दा माथिको प्रतिशत केही अन्तर रहेको पाइन्छ ।

## ६.४ प्रतिशतका आधारमा छात्राहरूको उच्चारण क्षमताको स्थिति

तलको तालिकामा छात्राहरूको उच्चारण क्षमतालाई प्रतिशतका आधारमा प्रस्तुत गरिएको छ :

**तालिका १३**

**प्रतिशत आधारमा छात्राहरूको उच्चारण क्षमता**


| कूल विद्यार्थी | ५० प्रतिशतसम्म ल्याउने | | ५१ देखि ६०% सम्म ल्याउने | | ६१ देखि ७०% सम्म ल्याउने | | ७१ देखि ८०% सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | ५ | १० | ४ | ८ | ९ | १८ | १८ | ३६ | १४ | २८ |

उपर्युक्त तालिकालाई पाँच श्रेणीमा निर्धारण गरी उच्चारण क्षमताको अध्ययन संलग्न ५० जना छात्राहरूमध्ये ५० प्रतिशत सम्म ल्याउने छात्राको सङ्ख्या ४ र ८ प्रतिशत

रहेको छ । ६१ देखि ७० प्रतिशतसम्म ल्याउने छात्राको सङ्ख्या ९ र १८ प्रतिशत रहेको छ । ७१ देखि ८० प्रतिशत ल्याउने छात्राको सङ्ख्या १८ र ३६ प्रतिशत रहेको छ । ८१ देखि माथि ल्याउने छात्राको सङ्ख्या १४ र २८ प्रतिशत रहेको छ । दार्चुलेली भाषी छात्राहरूको स्तरीय नेपाली उच्चारण क्षमता राम्रो रहेको प्रस्ट हुन्छ ।

माथिको तालिकाअनुसार प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको नेपाली भाषा उच्चारणगत स्थितिलाई वृत्त चित्रमा देखाइएको छ ।

**चित्र ११**
**प्रतिशत आधारमा छात्राहरूको उच्चारण क्षमता**




माथिको वृत्त चित्रका आधारमा दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत ५० जना दार्चुलेली भाषी छात्राहरूको नेपाली भाषा उच्चारण क्षमतालाई प्रतिशतका आधारमा प्राप्त परिणामलाई ३६० डिग्रीको कोणको आधारमा प्रस्ट पारिएको छ । छात्राहरूमध्ये ५० प्रतिशतसम्म ल्याउने ८ प्रतिशत रहेको छ । ६१ देखि ७० प्रतिशतसम्म ल्याउने १८ प्रतिशत रहेको छ । ७१ देखि ८० प्रतिशत ल्याउने ३६ प्रतिशत रहेको छ । ८१ देखि माथि ल्याउने २८ प्रतिशत रहेको छ ।

## ६.५ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको उच्चारणगत स्थिति

तलको तालिकामा मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको उच्चारण क्षमतालाई प्रस्तुत गरिएको छ :

**तालिका १४**


**मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको उच्चारण क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४२.४ | १२.५७ | २३ | ४६ | २७ | ५४ |

माथिको तालिकाअनुसार समग्र विद्यार्थीहरूको मध्यमान ४२.४ र मानक विचलन १२.५७ रहेको छ । उक्त तथ्याङ्कअनुसार समग्र छात्राहरूको मध्यमान ४२.४ लाई आधार मानी हेर्दा मध्यमानभन्दा तल नेपाली उच्चारण क्षमता भएका छात्राहरूको सङ्ख्या २३ र ४६ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि उच्चारण क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २७ प्रतिशत ५४ रहेको देखिन्छ । मानक विचलन १२.५७ रहेको छ ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको उच्चारण क्षमताको स्थितिलाई वृत्त चित्रमा देखाइएको छ ।

**चित्र १२**
**मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको उच्चारण क्षमता**




माथिको वृत्त चित्रअनुसार छात्राहरूको उच्चारण क्षमतालाई मध्यमानका आधारमा प्रस्तुत गरिएको छ । समग्र मध्यमान ४२.४ रहेको छ । मध्यमानभन्दा तल ४६ प्रतिशत र मध्यमानभन्दा माथि ५४ प्रतिशत रहेको देखिन्छ ।

# अध्याय सात
# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

उच्चारण भनेको अरुले सुन्ने गरी मुखबाट वर्णनात्मक ध्वनि निकाल्ने काम हो । बोली मानक मुखका विभिन्न उच्चार्य अङ्गका माध्यमले ध्वन्यात्मक रूपमा प्रकट हुने भएता पनि उच्चारणका क्रममा हलन्त, अजन्त, गति, यति, सुर, लय, अनुतान, आघात, भाषेत्तर, हाउभाउ, मुख मुद्रा र चेष्टाहरू पनि आवश्यक मानिन्छन् । अशुद्ध उच्चारणले भाषा सिकाइ र शिक्षण दुवै प्रक्रियामा बाधा पुऱ्याउँदछ । अशुद्ध उच्चारणले गर्दा अर्थको अनर्थ पनि हुने गर्दछ ।

खास गरी नेपाली भाषाको स्थानीय भाषिका प्रभावित उच्चारण वा बोलीमा सुधार गर्न इतर नेपाली भाषाको उच्चारण प्रभावबाट मुक्त गराउन, स्तरीय र मानक उच्चारणमा अभ्यस्त गराइ कथ्य अभिव्यक्तिका साथ लेख्य अभिव्यक्तिमा समेत परिष्कार ल्याउन उच्चारण शिक्षणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उच्चारण र वर्ण विन्यास एक आपसमा अन्योन्याश्रित हुन्छन्, उच्चार्य ध्वनि वा वर्णलाई विभिन्न लेख्य प्रतीक वा लिपि चिन्हहरूले वर्ण विन्यासका रूपमा प्रतिनिधित्व गर्दछन्, दोषयुक्त सुनाइ, स्थानीय भाषा तथा भाषिकाको प्रभाव उच्चारणसम्बन्धी नियमको साधारण ज्ञान नहुनु मनोवैज्ञानिक दोष उच्चारण अवयवको कमजोरी आदि कारणले उच्चारणगत त्रुटिहरू हुन सक्छन् ।

यस अध्ययनमा प्रस्तुत शोध कार्यलाई पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठौँ र सातौँ गरी जम्मा सात ओटा अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकमा शोध परिचय र यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, सान्दर्भिकता र उपयोगिता अध्ययनको सीमाङ्कन आदि पर्दछन् ।

अध्याय दुईमा सैद्धान्तिक अवधारणालाई समेटिएको छ । यसअन्तर्गत शोधकार्यको पुनरावलोकन र पुनरावलोकनको महत्त्व, सैद्धान्तिक प्रारूप, भाषाको परिचय, दार्चुलेली

भाषाको परिचय, उच्चारणको परिचय, उच्चारणको सैद्धान्तिक प्रारूप उच्चारणको आवश्यकता र महत्त्व उच्चारण शिक्षणका कार्यकलाप तथा उच्चारण शिक्षणको क्रम, उच्चारण सम्बन्धी कमजोरीका कारणहरू प्रस्तुत गरिएको छ ।

अध्याय तिनमा विधि प्रक्रियालाई राखिएको छ, जसअन्तर्गत अध्ययन विधि, जनसङ्ख्याको पहिचान, नमुना छनोट, क्षेत्रीय अध्ययन विधि, सामग्री सङ्कलनका स्रोतहरू, परीक्षणको कार्यान्वयन, विश्लेषण प्रक्रिया र अध्ययनको रूपरेखा समेटिएका छन् ।

अध्याय चारअन्तर्गत दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन, प्रतिशतका आधारमा समग्र दार्चुलेली भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमताको स्थिति मध्यमान र मानक विचलनका आधारमा दार्चुलेली भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमताको स्थिति समेटिएका छन् ।

अध्याय पाँचअन्तर्गत लैङ्गिकताका आधारमा दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन प्रतिशतको आधारमा छात्रहरूको उच्चारण क्षमताको अध्ययन, प्रतिशतको आधारमा छात्राहरूको उच्चारण क्षमताको अध्ययन मध्यमान र मानक विचलनका आधारमा छात्रा र छात्रहरूको उच्चारण क्षमताको स्थिति समेटिएका छन् ।

अध्याय छअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका आधारमा सामुदायिक र संस्थागत विद्यालयका आधारमा दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमताको स्थिति, प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका दार्चुलेली भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमताको स्थिति मध्यमान र मानक विचलनका आधारमा दार्चुलेली भाषी विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारण क्षमताको स्थिति समेटिएका छन् ।

अध्याय सातअन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोधकार्यमा दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमताको परीक्षण गरी व्याख्या विश्लेषण र तालिकीकरण गरिएको छ । उक्त व्याख्या र विश्लेषणबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१. समग्र विद्यार्थीहरूको उच्चारण क्षमताको प्रतिशताङ्कको स्थिति गणना गर्दा ५९ विद्यार्थीहरूले मध्यमानभन्दा माथि र ४१ प्रतिशत विद्यार्थीहरूले मध्यमानभन्दा तल उच्चारण क्षमता देखिनुले विद्यार्थीहरूको समग्र उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

२. दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमताको विश्लेषण गर्दा समग्र विद्यार्थीहरूको समग्र मध्यमानका आधारमा बहुसङ्ख्यक विद्यार्थीहरूको उच्चारण क्षमता समग्र मध्यमानभन्दा माथि रहेकाले उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

३. समग्र विद्यार्थीहरूको मध्यमान ४१.८ लाई आधार मानेर हेर्दा सम्पूर्ण छात्रहरूको मध्यमान ३८.८ र सम्पूर्ण छात्राहरूको मध्यमान ४२.४ रहेकाले यी दुईबिच उच्चारण क्षमताको मध्यमानको अन्तर ३.६ रहेकाले छात्रको भन्दा छात्राको उच्चारण क्षमता केही मात्रामा उच्च रहेको देखिन्छ ।

४. समग्र विद्यार्थीहरूको मानक विचलन १३.२९ लाई आधारमा मानेर हेर्दा छात्रहरूको मानक विचलन १३.४९ र सम्पूर्ण छात्राहरूको मानक विचलन १२.७० रहेकाले यी दुईबिच उच्चारण क्षमताको मानक विचलनको अन्तर ०.७९ रहनुले छात्र विद्यार्थीहरू मध्ये छात्रा विद्यार्थीहरूको उच्चारण क्षमता उच्च रहेको देखिन्छ ।

५. दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमताको परीक्षणका लागि विद्यालय प्रकृतिका आधारमा सम्पूर्ण विद्यार्थीहरूको समग्र मध्यमान ४१.८ लाई आधार बनाएर हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ४२.४ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ४० रहेकाले यी दुईबिच उच्चारण क्षमताको अध्ययनको अन्तर २.४ रहनुले संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालय विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको पाइन्छ ।

६. यसरी उच्चारण क्षमतासँग सम्बन्धित विभिन्न प्रकारका प्रश्नहरूका आधारमा विश्लेषण गर्दा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको देखिन्छ । छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीहरूको उच्चारण क्षमता राम्रो रहेको पाइयो ।

## ७.३ उपयोगिता

कुनै पनि अध्ययन पुरा गरिसकेपछि त्यसबाट सम्बन्धित सरोकारवालाहरूलाई उपयोगी हुने देखिन्छ । यस अध्ययनको उपयोगिता निम्नानुसार रहेका छन् :

### ७.३.१ नीतिगत तह

प्रस्तुत शोधपत्रको शैक्षणिक उपयोगितालाई नीतिगत र प्रयोगगत उपयोगिता गरी दुई प्रकारमा विभाजन गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

१. पाठ्यक्रमविद्हरूलाई उच्चारण सम्पूर्ण भाषिक सिपहरूको आधारभूमि हो भन्ने कुराको ज्ञान गराई उच्चारण क्षमताका लागि बढी प्रयोगात्मक अङ्कभारको व्यवस्था गराउन मद्दत गर्नेछ ।

२. यस अध्ययनबाट विद्यालय तहमा रहेको नेपाली भाषा पाठ्यक्रम परिमार्जन गर्न सहयोग पुग्ने छ ।

३. पाठ्यपुस्तकको चयन गर्दा क्षेत्र, वर्ग भाषिक पृष्ठभूमि, उमेर समूह जस्ता विविध पक्षलाई ध्यानमा राखी पाठ्यपुस्तकको छनोट र स्तरण गर्न सहयोग गर्दछ ।

४. पाठ्यपुस्तक लेखनमा लेखकलाई उच्चारण परिचय, उच्चारण शिक्षणको आवश्यकता र महत्त्व उच्चारणगत त्रुटिका क्षेत्रहरू उच्चारणगत कमजोरीका कारणहरू उच्चारणगत कमजोरी निराकरणका उपायहरू तथा उच्चारण शिक्षणको क्रम आदि बारे जानकारी प्रदान गर्न सहयोग गर्ने छ ।

५. प्रस्तुत शोधपत्रले भाषा पाठ्यपुस्तकमा भाषाका चारवटै सिपहरूको विकास गर्दै लैजान सहयोग गर्दछ ।

६. दार्चुलेली भाषिका सम्बन्धी जान्न चाहने जो कोहीलाई पनि यस शोधले सहयोग गर्नेछ ।

### ७.३.२ प्रयोगगत तह

१. प्रस्तुत शोध अध्ययनको दार्चुलेली भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता कस्तो छ भन्ने कुराको जानकारी प्रदान गराउँदछ ।

२. विद्यार्थीहरूको मौलिक क्षमता प्रस्तुत गर्न सहयोग गर्दछ ।

३. उच्चारणका क्रममा विद्यार्थीहरूले कस्ता त्रुटिहरू गर्दछन् । ती त्रुटिहरू के कारणले गर्दा भएको हो पहिचान गरी निराकरणका उपायहरू अवलम्बन गर्न सहयोग पुऱ्याउने छ ।

४. औपचारिक वा अनौपचारिक जुनसुकै स्थितिमा शिक्षित वा अशिक्षित मानिसका लागि बोलाइ वा मौखिक अभिव्यक्ति, विचार प्रकटीकरणको अनिवार्य र अपरिहार्य रहेकाले यसको बढी उपयोगिता रहन्छ ।

५. विद्यालय तहमा उच्चारण शिक्षणको महत्त्व र आवश्यकताको सन्देश विस्तार गर्न प्रस्तुत अध्ययन सहयोगी हुन सक्छ ।

६. लैङ्गिक आधारमा विद्यार्थीहरूको उच्चारण क्षमता पहिचान गरी उच्चारण क्षमता अभिवृत्तिका उपायहरू अवलम्बन गर्न सहयोगी हुनेछ ।

७. सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमता वृद्धि गर्न सहयोगी हुनेछ ।

८. विषय शिक्षकलाई दार्चुलेली भाषी विद्यार्थीहरूले गर्ने उच्चारणगत त्रुटि क्षेत्रहरू पहिल्याई विद्यार्थी मैत्री शिक्षण विधि र क्रियाकलाप छनोट गर्न सहयोग पुऱ्याउने छ ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०७१), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०७१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

ओझा, रामनाथ (२०७२), *भाषिक अनुसन्धान पद्धति,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खत्री, हर्कबहादुर (२०७२), 'उदयपुर जिल्लाका कक्षा आठमा अध्ययनरत थारु भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

ज्ञवाली, बन्दना (२०६८), 'रूपन्देही जिल्लाका कक्षा पाँचमा अध्ययनरत अवधी भाषी विद्यार्थीहरूले नोपली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

तामाङ, महेन्द्रकुमार (२०६८), 'तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

तिमल्सिना, शुभद्रा (२०७३), 'सर्लाही जिल्लाका तामाङ भाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

धामी, लोकबहादुर (२०६४), 'कक्षा पाँचमा अध्ययनरत बुङ्गाली भाषिकामा विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा गर्ने उच्चारणगत त्रुटिको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

नेपाल सरकार (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम (६-८)*, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पराजुली, राघव (२०६४), 'सिन्धुपाल्चोक जिल्लाका कक्षा सातमा अध्ययनरत तामाङ भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बडु, कमला (२०६६), 'कक्षा चारमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

बानियाँ, शेरबहादुर (२०६०), 'कक्षा पाँचमा अध्ययनरत लिम्बु मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषण', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

भाट, जयसिंह (२०२७), 'कक्षा पाँचमा अध्ययनरत बैतडेली मातृभाषा विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको सिकाइमा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

मगर, शुष्मा राना (२०७१), 'कक्षा आठमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको भाषिक प्रयोगमा गर्ने त्रुटिको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

मडै, दानबहादुर, (२०६६), 'बैतडी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

लामिछाने, यादवप्रकाश (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका केही सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, मीना (२०६१), 'कक्षा छमा अध्ययनरत नेवारी (नेपाल) मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषण', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

सिंखडा, सुशिला (२०६८), धादिङ जिल्लाका कक्षा दसमा अध्ययनरत तामाङ भाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

सिंह, दिलीपकुमार (२०६४), 'कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

## परिशिष्ट क

## परीक्षणका लागि तयार गरिएको सामग्रीहरू

**तलका शब्दहरूको उच्चारण गर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| दुध | सक्दछ | संयोग | पाएको | वाक्य |
| जहाज | किताब | संवाद | लिएस | बालक |
| बाघ | छहारी | गाउँछ | घण्टा | बालुवा |
| महिला | मन्त्रालय | धन्यवाद | दन्त | वकिल |
| सचिव | धनुष | सौन्दर्य | पिण्ड | पावर |
| जमरा | आँट | आए | प्राण | बिजुली |
| माझ्नु | बाँस | एक्काइस | मन्दिर | बटुवा |
| रगत | भाँडा | साहित्य | गन्ध | हावा |
| बलवान | गाउँ | समय | सन्त | क्षत्री |
| लोग्ने | अँध्यारो | एक्लो | कुण्ठा | छपन्न |

**तल दिइएको अनुच्छेद सस्वर पठन गर्नुहोस् :**

म बाग्मती नदी हुँ, नेपालमा म जस्ता थुप्रै नदी छन्, अरु नदीलाई ठीकै होला तर मलाई धेरै समस्या छ । त्यसैले आज म तिमीहरूलाई मेरा कथा सुनाउँदै छु, मेरो जन्म काठमाडौँको शिवपुरी डाँडामा भयो, म त्यही डाँडाको कुना काप्चाबाट उफ्रिदै खेल्दै ठूली भएँ । म त्यही डाँडाबाट सुन्दरीजल, गोकर्ण, पशुपति हुँदै चोभार पुग्छु, त्यहाँबाट बग्दै तराईसम्म पुग्छु ।

म पुगेको ठाउँमा मानिसहरूले मलाई बडो आदर गरेका छन्, मानिसहरू मेरो पूजा गर्छन्, मेरो जलमा नुहाउन पाउँदा तीर्थयात्रीहरू धेरै पुण्य कमाएको अनुभव गर्छन्, मेरो जल देउतालाई चढाए धेरे धर्म हुन्छ भन्ने विश्वास गर्छन्, मेरो किनारामा धेरै मन्दिरहरू बनेका छन्, प्रसिद्ध पशुपतिनाथको मन्दिर मेरै किनारमा छ, त्यस्तै गोकर्ण गुहेश्वरी, शङ्खमूल, पचली, टेकु आदि तीर्थस्थलहरू मेरै किनारमा छन्, मैले आफ्ना किनारका खेतवारीलाई सधै रसिलो पारेको छु, मेरो छेउछाउका जङ्गललाई हरियाली दिन मद्दत गरेको छु, मेरो पानीमा माछा, हाँस र बकुल्लाहरू रमाइलो गर्छन्, मानिसहरू मेरो किनारमा बनेका घाटहरमा आई श्राद्ध पनि गर्छन्, यस्ता घाटहरूमा पशुपतिको आर्यघाट प्रसिद्ध छ ।

## परिशिष्ट ख

## छनोटमा परेका विद्यार्थीहरू र विद्यालयको नाम

| क.सं. | छात्रा विद्यार्थीहरू | क.सं. | छात्रा विद्यार्थीहरू |
|---|---|---|---|
| १ | हिरा भट्ट | २६ | प्रतिभा ढकाल |
| २ | विमला बोहरा | २७ | मनिषा भट्ट |
| ३ | योगमाया जोशी | २८ | रोजी चौसिर |
| ४ | जानकी धामी | २९ | सानुमाया खडायत |
| ५ | बन्दना जोशी | ३० | भुवनेश्वरी जोशी |
| ६ | दिव्या धामी | ३१ | सुस्तिका भण्डारी |
| ७ | श्रृया धामी | ३२ | साक्षी बुढाथोकी |
| ८ | लक्ष्मी धामी | ३३ | दिया कुँवर |
| ९ | भागरथी धामी | ३४ | दिपलक्ष्मी बडाल |
| १० | विमला धामी | ३५ | कृतिका भण्डारी |
| ११ | हेमन्ती धामी | ३६ | हरिबोधनी नगारी |
| १२ | सुनिता सामन्त | ३७ | विमला भट्ट |
| १३ | करिश्मा सामन्त | ३८ | रिया कुँवर |
| १४ | हिरा चौसिर | ३९ | विद्या वडाल |
| १५ | लक्ष्मी चौसिर | ४० | अञ्जली ऐरी |
| १६ | ईश्वरी सामन्त | ४१ | ममता वोहरा |
| १७ | पुष्पा सामन्त | ४२ | विमला धामी |
| १८ | बागेश्वरी रैखोला | ४३ | रोषनी धामी |
| १९ | पुष्पाञ्जली रैखोला | ४४ | ईश्वरी बम |
| २० | लक्ष्मी सामन्त | ४५ | रेश्मी बडु |
| २१ | विनीता धामी | ४६ | दिपाञ्जली कुँवर |
| २२ | अस्मिता ठगुन्ना | ४७ | दिक्षा धामी |
| २३ | बागमती रैखोला | ४८ | ममता बोहरा |
| २४ | पुजा धामी | ४९ | सामना कार्की |
| २५ | हेमन्ती धामी | ५० | पूर्णिका जोशी |

| क.सं. | छात्र विद्यार्थीहरू | क.सं. | छात्र विद्यार्थीहरू |
|---|---|---|---|
| १ | लोकेन्द्र धामी | २६ | सागर जोशी |
| २ | रोषन धामी | २७ | सुनिल धामी |
| ३ | उत्तम धामी | २८ | ग्रिस धामी |
| ४ | लोकेश धामी | २९ | डम्बर धामी |
| ५ | योगेश धामी | ३० | हरिस धामी |
| ६ | भूवन विष्ट | ३१ | निकेश धामी |
| ७ | उत्तम विष्ट | ३२ | सागर चौसिर |
| ८ | कुशल खाती | ३३ | भूपाल धामी |
| ९ | रमेश खाती | ३४ | सुवास राम दमाइ |
| १० | राजन जोशी | ३५ | रोषन धामी |
| ११ | विपिन धामी | ३६ | लक्की विष्ट |
| १२ | शयाम बहादुर लुहार | ३७ | कमल सामन्त |
| १३ | पारस साउद | ३८ | रोषन धामी |
| १४ | सन्तोष कार्की | ३९ | भूपेन्द्र धामी |
| १५ | पुष्कर भट्ट | ४० | योगेश धामी |
| १६ | महेन्द्र राज भट्ट | ४१ | बिसराम धामी |
| १७ | सतय अइतवाल | ४२ | निराजन बडाल |
| १८ | आयुष बम | ४३ | रोषन धामी |
| १९ | पारस सुनवार | ४४ | रूपेन्द्र धामी |
| २० | विपिन ठगुन्ना | ४५ | दिपेश ठगुन्ना |
| २१ | ग्रिस धामी | ४६ | किरन बम |
| २२ | जनक धामी | ४७ | लोकतन्त्र धामी |
| २३ | धिरन जोशी | ४८ | दिपान्स भट्ट |
| २४ | पङ्गज जोशी | ४९ | साइल अवस्थी |
| २५ | महेन्द्र पन्त | ५० | मिलन विष्ट |

## परीक्षणका क्रममा सहयोग लिइएका विद्यालयहरूको नामावली

### सामुदायिक विद्यालय

१. श्री केदारनाथ प्राथमिक विद्यालय दत्तु, दार्चुला

२. राष्ट्रिय माध्यमिक विद्यालय दत्तु, महाकाली-९, दार्चुला

३. महेन्द्र नमुना माध्यमिक विद्यालय खलङ्गा, दार्चुला

४. श्री डुङरी आधारभूत विद्यालय डुङरी (मालिकार्जुन-१) ठाडीधार, दार्चुला

५. श्री गडी भवन मा.वि. थाप्ला

### संस्थागत विद्यालय

१. अमटिकर पब्लिक स्कुल अपी ११ बाँगाबोगड, दार्चुला

२. अक्सफोर्ड इन्टरनेशनल एकेडेमी दार्चुला, खलङ्गा, दार्चुला

३. एसियन एकेडेमी खलङ्गा दार्चुला

४. बसन्त भ्याली पब्लिक स्कुल महाकाली पाँच दार्चुला

५. दार्चुला पब्लिक स्कुल खलङ्गा, दार्चुला

# व्यक्तिवृत्त



नाम : **देबकी सामन्त**

जन्म मिति : २०४८/०९/१२

बुवाको नाम : मोहन सिंह सामन्त

आमाको नाम : भागरथी देवी सामन्त

स्थायी ठेगाना : महाकाली-९, दार्चुला

अस्थायी ठेगाना : कीर्तिपुर, काठमाडौँ

लिङ्ग : महिला

राष्ट्रियता : नेपाली

भाषा : नेपाली, अङ्ग्रेजी, हिन्दी र डोटेली

धर्म : हिन्दु

रुचि : समाजसेवा

तह : स्नातकोत्तर (एम.एड.), शोधपत्र वर्ष

सम्पर्क नं. : ९८४८८३९८४५

## शैक्षिक योग्यता

| क्र.सं. | तह | शिक्षण संस्था |
|---|---|---|
| १ | एस.एल.सी. | श्री राष्ट्रिय मा.वि. दत्तु, दार्चुला |
| २ | प्रवीणता प्रमाणपत्र तह | श्री राष्ट्रिय उच्च मा.वि. दत्तु, दार्चुला |
| ३ | स्नातक तह | राष्ट्रिय क्याम्पस दत्तु, दार्चुला |
| ४ | स्नातकोत्तर तह | विश्वविद्यालय क्याम्पस त्रि.वि., कीर्तिपुर |